मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं
- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १२३ ★ ने. सं. ११४६ अनाला थ्व, दशमी ★ मङ्गलबार ★ १२ जेठ, २०८३ ★ May 26, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




ग्रीसको राजधानी एथेन्सको सिन्टामा स्क्वायरमा समाजवादी क्युवाका वीर जनताप्रति ऐक्यबद्धता र साम्राज्यवादको विरोध गर्दै प्रदर्शनमा उत्रेका ग्रीक जनता मे २३, २०२६ को साँझ । ग्रीक कम्युनिस्ट पार्टी (केकेई) र ग्रीक योङ कम्युनिस्ट लिगको आयोजनामा भएको प्रदर्शनमा 'क्युवा एक्लो छैन' र 'साम्राज्यवादी धम्की सफल हुने छैन' चर्को नारा लगाइएको थियो । *तस्बिर : केकेई फेसबुक पेज/इन डिफेन्स अफ कम्युनिज्म*

# मध्यपूर्व द्वन्द्वलाई केन्द्रमा राखी सी चिनफिङ र सरिफबिच भेट

पेइचिङ, ११ जेठ (एएफपी) । मध्यपूर्व युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास जारी रहेको बेला चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार पेइचिङमा पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफसँग भेटवार्ता गर्नुभएको छ । अमेरिका-इरान तनाव, क्षेत्रीय स्थिरता र मध्यस्थता प्रयासका विषयमा अन्तर्राष्ट्रिय सक्रियता बढिरहेको समयमा भएको यो उच्चस्तरीय भेटलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

सरकारी समाचार संस्था सिन्हवाका अनुसार राष्ट्रपति सी चिनफिङसँगको भेटअघि प्रधानमन्त्री शाहबाज सरिफले चीनका प्रधानमन्त्री ली छियाङसँग पनि वार्ता गर्नुभएको थियो । पेइचिङमा भएको पछिल्लो छलफलका विषयवस्तुबारे चिनियाँ सरकारी सञ्चारमाध्यमले तत्काल विस्तृत विवरण सार्वजनिक गरेका छैनन् ।

पाकिस्तानी टेलिभिजनका अनुसार पाकिस्तानका सेना प्रमुख असीम मुनीरले पनि चीन भ्रमणमा प्रधानमन्त्री सरिफलाई साथ दिनुभएको छ । अमेरिका र इरानबिचको संवाद प्रक्रियामा इस्लामाबादको भूमिका बढिरहेको बेला मुनीरको सहभागितालाई विशेष महत्त्वका साथ हेरिएको छ ।

गत महिना पाकिस्तानले अमेरिका र इरानबिच ऐतिहासिक आमनेसामने वार्ताको आयोजना गर्दै आफूलाई प्रमुख मध्यस्थकर्ताका रूपमा प्रस्तुत गरेको थियो । यद्यपि, उक्त प्रयास दीर्घकालीन सम्झौतामा रूपान्तरण हुन सकेन ।



यसबिच चीनले तुलनात्मक रूपमा संयमित तर सक्रिय कूटनीतिक भूमिका निर्वाह गर्दै आएको छ । पेइचिङले टेलिफोन संवाद तथा खाडी क्षेत्रका प्रभावित मुलुकका अधिकारीहरूसँग बैठकमार्फत क्षेत्रीय तनाव कम गर्ने प्रयास जारी राखेको छ ।

पेइचिङमा चिनियाँ नेतृत्वसँगको भेटका क्रममा सरिफले विश्व अहिले महत्त्वपूर्ण मोडबाट गुज्रिरहेको बताउनुभएको पाकिस्तानी सरकारी टेलिभिजन पीटीभीले जनाएको छ । उहाँले अमेरिका-इरान सम्बन्ध सुधारका लागि पाकिस्तानले गम्भीर मध्यस्थकारी भूमिका निर्वाह गरेको दाबी गर्नुभएको छ ।

सरिफका अनुसार सेना प्रमुख मुनीर तेहरान भ्रमणमा सहभागी भइसकेपछि पनि चीनको यो महत्त्वपूर्ण भ्रमण छुटाउन इच्छुक हुनुहुन्नथ्यो । "कुराहरू सही दिशातर्फ अघि बढिरहेका छन् र शान्ति प्रवर्द्धनमा चीनले दिएको समर्थनप्रति म आभार व्यक्त गर्न चाहन्छु", उहाँले भन्नुभएको थियो ।

प्रधानमन्त्री सरिफले शनिबार पूर्वी चीनको झेजियाङ प्रान्तस्थित हाङ्झोउबाट आफ्नो चारदिने आधिकारिक चीन भ्रमण सुरु गर्नुभएको हो ।

यसअघि युद्ध अन्त्यतर्फको मध्यस्थता प्रयासकै क्रममा पाकिस्तानका गृहमन्त्री मोहसिन नकवीसँगै सेना प्रमुख मुनीरले शुक्रबार र शनिबार तेहरानको भ्रमण गर्नुभएको थियो । त्यसपछि भएको चीन भ्रमणले इस्लामाबादको बहुपक्षीय कूटनीतिक सक्रियता थप स्पष्ट पारेको छ ।

चीनले पनि मध्यपूर्वमा शान्ति र स्थिरता पुन:स्थापनाका लागि पाकिस्तानसँग सहकार्य गर्न तयार रहेको जनाएको छ ।

अप्रिलमा युद्ध सुरु भएयता अमेरिका र इरानी अधिकारीहरूबिच भएको एकमात्र प्रत्यक्ष वार्ताको आयोजना पाकिस्तानले गरेको थियो । त्यस वार्तामा असीम मुनीर निकै सक्रिय भूमिकामा देखिनुभएको थियो । दुवै प्रतिनिधिमण्डललाई स्वागत गर्नुका साथै अमेरिकी उपराष्ट्रपति जेडी भान्ससँगको सार्वजनिक मैत्रीपूर्ण व्यवहारले पनि उहाँ वार्ताको केन्द्रमा रहनुभएको थियो ।

तर अन्तत: ती वार्ताहरू सफल हुन सकेनन् । इरानले अमेरिकामाथि 'अत्यधिक माग' राखेको आरोप लगाउँदै सहमति प्रक्रियाबाट दूरी बनाएको थियो । त्यसपछि चीन र पाकिस्तानले क्षेत्रीय शान्ति प्रयासमा समन्वय बढाउने सङ्केत दिएका छन् ।

# देशभक्त र प्रगतिशील पक्षलाई साथ देऔँ !

मानिस भूमिमा उभिए जस्तै विकासशील देश कृषि अर्थतन्त्रमा उभिन्छ । कृषि अर्थतन्त्रको अर्थ हो - आत्मनिर्भर अर्थतन्त्र । तर, नेपाली काङ्ग्रेस र एमालेको शासनको खोटपूर्ण आर्थिक नीतिकै कारण खाद्यान्नमा समेत देश परनिर्भर हुँदै छ; यो शुभ लक्षण होइन । कोभिड-१९ जस्तै महामारीले पर्यटन उद्योगलाई रसातलमा पुऱ्याउँछ; छिमेकीसँगको लडाइँले पनि त्यही परिणाम आउँदछ; व्यापार तल पुग्दछ; रेमिटेन्स आउने बाटो बन्द हुन्छ आदि ।

नेपाली काङ्ग्रेस धेरै समय सरकारमा बस्यो । जसरी राणा शासनले नेपाली युवाहरूलाई गोर्खा भर्तीमा पठाएर युवतीहरूलाई कलकत्ता, बम्बई र भारतका विभिन्न सहरहरूको वेश्यालयहरूमा पुऱ्यायो त्यसैगरी नेपाली काङ्ग्रेसको नीतिले ७०-८० लाख नेपालीहरू विदेश पुऱ्यायो । परिणाम स्वरूप देशको कृषि अर्थतन्त्र ध्वस्त भयो; देशको घरेलु र कुटिर उद्योग पनि नाममात्रको भयो । भएका अन्य सार्वजनिक उद्योग र कलकारखानामध्ये धेरै निजीकरण गरिए । ती उद्योगको कतिपय संरचना भारतमा पुऱ्याइए र कतिपय जानाजान ध्वस्त बनाइए । निजी उद्योगहरूको उत्पादन नाउँ मात्रैको छ - निर्यात छैन तर उद्योगपतिहरूले लिइरहेका सहुलियतहरू बढ्दै छन् । किनभने, उद्योगपतिहरू पनि काङ्ग्रेस र एमालेमा छिरेका छन् । राजनीतिलाई लेनदेन र बेचबिखनले झन् दूषित बनाए !

राजनीति दूषित भएपछि भ्रष्टाचार, कालाबजारी, तस्करीजस्ता अनेक अपराधले शासन व्यवस्थालाई नै दूषित बनायो । देशका हरेक क्षेत्रमा नैतिकताको खडेरी छायो । लागूपदार्थ तथा अनेक अवैध हातहतियार देशभित्र दिन दुगुना र रात चौगुनाले भित्रियो; नयाँ पुस्तामा आफ्नो व्यक्तित्व विकास गर्ने जोस, जाँगर र उत्साहमा कमी हुँदै गयो । किनभने, बेरोजगारी बढ्यो; विदेशीहरूले नै नेपालमा श्रम शक्तिको अवसर प्राप्त गरे ।

नेपालका श्रमिकहरूबाट आउने रेमिटेन्सभन्दा नेपालबाट जाने विदेशी मुद्राको अङ्क बढ्दै गयो । 'नौ महिनामा ६० अर्बको खाद्यान्न आयात गरियो' । रक्सी र अन्य विलासिताको सामान भित्र्याउँदा र विदेशमा पढ्न जाने नाउँमा बिदेसिएका युवाहरूले लाने विदेशी मुद्रा आदिले देश लाभमा होइन घाटामा जानुमा आश्चर्य के ?

धान, गहुँ, मकै र कोदोजस्ता खाद्यान्नसमेत नेपालले विदेशबाट आयात गर्छ । कृषि बीउबिजन आयात हुन्छ । 'जुनेलो समेत' आयात हुन्छ । यसको अर्थ हो- हाम्रो देश अब आफ्नो खुट्टामा उभिएको छैन । कुनै पनि बेला देशको आर्थिक, सामाजिक र राजनैतिक 'धरहरा' तासको घरजस्तै भत्कनेछ । त्यसको सम्पूर्ण दोषी नेपाली काङ्ग्रेस, एमाले र प्रचण्डको पार्टीका नेताहरू नै हुनेछन् । मूलत: तिनीहरूका शासनको खोटपूर्ण नीतिकै कारण देश खोक्रो बन्दै गएको हो ।

स्थानीय निर्वाचनमा सचेत र बुद्धिजीवी समुदायले मन, वचन र कर्मले हिजो व्यक्तिगत स्वार्थवश आ-आफूले पक्ष लिएका खोटो विचारका दलहरूबाट आफ्नो आस्था पन्छाएर देशभक्त र प्रगतिशील दल नेपाल मजदुर किसान पार्टीलाई समर्थन गर्नुपर्ने जनमत तयार हुँदै छ ।

देशलाई थप अधोगतितिर लाने एमसीसी सम्झौतालाई पारित गर्ने सबै शासक दलहरूलाई देशद्रोही र प्रतिगामी (दक्षिणपन्थी) सम्झँदै आलोचना, विरोध एवम् निन्दा गर्न बुद्धिजीवी र सचेत जनताले ढिलो गरेमा देशले नै पछुताउनु पर्नेछ । अब पनि ढिलो गरे कुनै दिन एकाबिहानै हामी बिउझिँदा हाम्रो देशको चन्द्र र सूर्य अङ्कित झन्डाको ठाउँमा २०० वर्षदेखि संसारमा आक्रमण गर्दै र आतङ्क मच्चाउँदै आएको साम्राज्यवादी देशका ताराहरू र धर्केधर्के झन्डाको पोल्टामा नेपाल पर्नेछ ।

***१३ वैशाख, २०७९ (२६ अप्रिल, २०२२)***

***स्रोत : सम्पादकीय सङ्कलन - ३***

## व्यङ्ग्यचित्र कुनो





**मौलिक घर :** बागलुङको तमानखोला गाउँपालिका-३ स्थित तमान गाउँका परम्परागत मौलिक घरहरू । तमान गाउँलाई पालिकाले मौलिक गाउँको रुपमा विकास गर्ने उद्देश्य लिएको छ । *तस्बिर: खेमराज गौतम/रासस*

# हुलाकमार्फत सरकारी 'कुरियर' सेवा साठी जिल्लामा विस्तार

काठमाडौँ, ११ जेठ । सरकारले सार्वजनिक सेवा प्रवाहलाई नागरिकको घरदैलोमै पुर्‍याउने उद्देश्यले सुरु गरेको सरकारी 'कुरियर' सेवा अहिले देशका ६० जिल्लामा विस्तार भएको छ ।

हुलाक सेवा विभागले सरकारी सेवा वितरण प्रणालीलाई 'डिजिटल' र व्यवस्थित बनाउने प्रयासस्वरूप राहदानी, सवारी चालक अनुमतिपत्र (लाइसेन्स), शैक्षिक प्रमाणपत्रलगायत कागजात घरमै पुर्‍याउने कार्य तीव्र बनाएको जनाएको छ । विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार प्रारम्भिक चरणमा केही जिल्लाबाट असहयोग भए पनि अहिले अधिकांश जिल्लामा सेवा प्रभावकारी रूपमा सञ्चालन हुन थालेको छ ।

विभागका अनुसार कार्यक्रम सुरु भएयता हालसम्म २८ हजार १६९ वटा राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ । तीमध्ये एक हजार ६३५ वटा राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण भइसकेको छ । जिल्ला प्रशासन कार्यालयहरूमा राहदानी आवेदन दिने क्रममा नै सेवाग्राहीको ठेगाना सङ्कलन गर्न थालिएकाले वितरण प्रक्रिया थप सहज बनेको विभागको भनाइ छ ।

यातायात सेवामा पनि हुलाक प्रणालीको प्रयोग विस्तार हुँदै गएको छ । यही जेठ ८ गतेसम्ममा चार लाख ७० हजार ८८१ वटा सवारी चालक अनुमतिपत्र सम्बन्धित यातायात कार्यालयहरूमा पठाइएको छ भने ६७१ वटा लाइसेन्स घरमै पुर्‍याइएको विभागले जनाएको छ ।

सरकारी कागजात वितरणमा मात्र सीमित नरही हुलाक विभागले शिक्षा र स्वास्थ्य क्षेत्रसँग समेत सहकार्य बढाएको छ । हालसम्म २६० वटा शैक्षिक प्रमाणपत्र वितरण भइसकेका छन् । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा ४८८ वटा प्रयोगशाला




नमुना ढुवानी गरिएको विभागले जनाएको छ । सुर्खेत, बाँके र काठमाडौँबाट प्रयोगशाला नमुना ढुवानी सेवा सुरु गरिएको हो ।

नेपाल टेलिकमसँग सहकार्य गरी सिमकार्ड घरमै पुर्‍याउने सेवा सुरु गर्ने तयारी भइरहेको छ । मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु भइसकेको छ भने नेपाल खुला विश्वविद्यालयसँग शैक्षिक प्रमाणपत्र ढुवानीबारे छलफल जारी रहेको विभागले जनाएको छ । त्यसैगरी, राष्ट्रिय स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रसँग डाँक ढुवानीसम्बन्धी सम्झौताको प्रारम्भिक मस्यौदा तयार भइसकेको छ । नेपाल टेलिकमबाट वितरण गरिने सामग्री हुलाकमार्फत ढुवानी गर्ने विषयमा पनि छलफल भइरहेको विभागले जानकारी दिएको छ ।

त्यस्तै, विभागले अब निजी क्षेत्रका सामग्री ढुवानी गर्ने विषयमा पनि छलफल अघि बढाएको जनाएको छ ।

अन्तर्राष्ट्रिय कुरियर सेवातर्फ पनि उल्लेख्य प्रगति देखिएको विभागको दाबी छ । हवाई सेवा प्रदायक कम्पनीहरूसँग छलफल गरी थप देशसँग हुलाक पहुँच विस्तार गर्ने तयारी भइरहेको महानिर्देशक भट्टराईले बताउनुभयो । सीमित स्रोतसाधनका बाबजुद सेवा प्रणालीमा स्तरोन्नति गर्ने काम भइरहेको उहाँको भनाइ छ ।

प्रणालीगत सुधारअन्तर्गत राहदानी विभागसँग प्रणाली अन्तरआबद्धता गर्न अध्ययन समिति गठन गरिएको छ भने महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पहल भइरहेको छ । पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम (पिट्स) मा पोस्टल कोड स्तरोन्नति गर्ने कार्य पनि अघि बढाइएको विभागले जनाएको छ ।

सरकारले परम्परागत हुलाक सेवाको स्वरूप परिवर्तन गर्दै त्यसलाई आधुनिक सरकारी सेवा वितरण प्रणालीका रूपमा रूपान्तरण गर्न खोजिरहेको भए पनि सेवा अझै प्रारम्भिक चरणमै छ । अधिकांश जिल्लामा सेवा प्रभावकारी रूपमा कार्यान्वयन हुन बाँकी रहेकाले वितरणको गति, पारदर्शिता र विश्वसनीयतामा सुधार आवश्यक देखिन्छ । तर, नागरिकलाई सरकारी सेवा घरमै पुर्‍याउने अवधारणाले भने प्रशासनिक पहुँचलाई थप सहज र आधुनिक बनाउने सङ्केत गरेको छ । ***रासस***

# तीन सय ३८ स्थानीय तहबाट भू-उपयोग वर्गीकरण सम्पन्न

काठमाडौँ, ११ जेठ । देशभर तीन सय ३८ स्थानीय तहले भू-उपयोग वर्गीकरण गरेका छन् । भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने उद्देश्यले गत चैत मसान्तसम्म ती स्थानीय तहले वर्गीकरण सम्पन्न गरेका हुन् । ती स्थानीय तहले आधार तथा मापदण्ड, नक्सा अद्यावधिक गरी कित्तागत सकेका हुन् । देशभरका एक सय ६९ स्थानीय तहले आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गरी कित्तागत विवरण सङ्कलन तथा नक्सा अद्यावधिक गरेको जनाइएको छ । विभिन्न कारणले ४७ स्थानीय तहले कार्य प्रारम्भ गर्न सकेका थिएनन् ।

त्यसैगरी १५ स्थानीय तहले कृषि क्षेत्रको मापदण्ड तयार गरी विवरण तयार गरेको जनाइएको छ । भू-उपयोग वर्गीकरणको आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गर्दै गरेका १३४ स्थानीय तह छन् । आधार तथा मापदण्ड तयार गर्दै गरेका ५० स्थानीय तह छन् ।

भूमि, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले भूउपयोग ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरणका लागि अधिकार तोकिएको जानकारी दिनुभयो ।

कृषि र गैरकृषि जग्गाको वर्गीकरण छिट्टै भएमा त्यसको आधारमा कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति तथा व्यवस्थित सहरीकरण र सुरक्षित आवासको व्यवस्थापन गर्न सहज हुने पूर्वाधार विकास, प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि आवश्यक योजना निर्माण गर्न सकिने मन्त्रालयले जनाएको छ । स्थानीय तहलाई भू-उपयोग वर्गीकरणका लागि यही असार मसान्तसम्म समय अवधि तोकिएको छ । ***रासस***

# उत्पादित वस्तु गुणस्तरीय र स्वास्थ्यवर्द्धक हुनुपर्नेमा जोड

भक्तपुर, ११ जेठ । उद्योग तथा वाणिज्य कार्यालयको आयोजना एवं भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको सहकार्यमा सञ्चालित सातदिने मिठाइ बनाउने तालिम सोमबार एक कार्यक्रमबिच सम्पन्न भएको छ । नेपाल घरेलु तथा साना उद्योग महासङ्घका केन्द्रीय सदस्य वीरेन्द्र जतिको प्रमुख आतिथ्यमा भएको सो तालिममा सीपलाई व्यवसायमा बदल्न सुझाव दिनुभयो । सामूहिक रूपमा तिहार, औँसीलगायतका चाडपर्व र विशेष अवसरहरूमा मिठाइका परिकार बनाई बिक्री-वितरण गरेर राम्रो आयआर्जन गर्न सकिने उहाँको भनाइ थियो ।

उहाँले उत्पादित खाद्यान्नहरू स्वच्छकर हुनु जरुरी रहेको जानकारी गराउँदै जनस्वास्थ्यप्रति जिम्मेवार हुन आग्रह गर्दै भन्नुभयो, "पैसा कमाउने लोभमा अखाद्य सामग्रीहरूको प्रयोग नगर्न सचेत हुनुपर्छ । मानिसको स्वास्थ्यलाई ध्यानमा राखेर गुणस्तरीय परिकार उत्पादन गर्नु नै सफल उद्यमीको पहिचान हो ।"

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले सिकेको सीपलाई व्यवहारमा उतारी सफल उद्यमी बन्न शुभकामना व्यक्त गर्नुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद कुस्माले आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेटअनुसार कार्यालयले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"तालिमपछि उद्योग दर्ता गरी व्यवसाय सञ्चालन गरेमा उद्योग तथा वाणिज्य कार्यालय, प्रदेश सरकार तथा स्थानीय सरकारबाट उपलब्ध हुने विभिन्न सेवा, सुविधा र अनुदान प्राप्त गर्न सकिन्छ ।"

सात दिनसम्म चलेको उक्त तालिममा नेपाली बजारमा अत्यधिक माग हुने परम्परागत तथा आधुनिक मिठाइहरू बनाउन सिकाइएको थियो । तालिममा सहभागीहरूलाई गुदपाक, पुष्टकारी, बर्फी, जेरी, लाखामरी, अनारसा, पुरी, लड्डु, खजुरी, रोट, लालमोहन र रसबरी परिकार बनाउने प्रयोगात्मक ज्ञान दिइएको थियो ।

सहभागीहरूको तर्फबाट सानुमैयाँ बजिक्वले सिकेको सीपलाई आफ्नो समुदायमा समेत बाँड्ने र सामूहिक रूपमा व्यवसाय सुरु गर्ने योजना रहेको सुनाउनुभयो । सीपलाई अझ परिष्कृत बनाउनका लागि आयोजकले आगामी दिनमा थप (एड्भान्स) तालिमको व्यवस्था गरिदिए आभारी हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले स्वागत मन्तव्य राख्दै तालिमको औचित्य र महत्त्वमाथि प्रकाश पार्नुभएको थियो । तालिम आशबहादुर सुवालले दिनुभएको थियो ।

# कानुन व्यवसायीमा 'मानसिक स्वास्थ्य र तनाव व्यवस्थापन' आवश्यक

काठमाडौँ, ११ जेठ । न्याय क्षेत्रमा कार्यरत कानुन व्यवसायीमा 'मानसिक स्वास्थ्य र तनाव व्यवस्थापन' आवश्यक रहेको बताइएको छ ।

विशेष अदालत बार एशोसियसनले आइतबार यहाँ आयोजना गरेको 'मानसिक सु-स्वास्थ्य र तनाव व्यवस्थापन' सम्बन्धी अन्तरक्रियामा न्याय क्षेत्रमा कार्यरत न्यायधीश तथा कानुन व्यवसायी तनावमुक्त हुनुपर्ने बताइएको हो ।

कार्यक्रममा सर्वोच्च अदालतका न्यायधीश सुनीलकुमार पोखरेलले कानुन र संविधानका धारामा केन्द्रित हुने न्यायिक क्षेत्रमा पहिलोपटक मानसिक स्वास्थ्य र मनोसामाजिक पक्षकाबारेमा छलफल हुनु सकारात्मक कुरा भएको बताउनुभयो ।

उहाँले न्यायिक निर्णय प्रक्रिया र कानुनी अभ्यासमा संलग्न व्यक्तिमा उच्च मानसिक तनाव हुने गरेको भन्दै यसको व्यवस्थापनका लागि सचेतना आवश्यक रहेको बताउनुभयो ।

न्यायाधीश पोखरेलले ५१ प्रतिशत प्रमाण पुग्नेले मुद्दा जित्ने र ४९ प्रतिशत प्रमाण हुनेले मुद्दा हार्ने भएकाले हार्ने पक्षले सामाजिक सञ्जाल र अन्य माध्यमबाट गर्ने आलोचनाले न्यायाधीशमा ठुलो मानसिक दबाब सिर्जना हुने गरेको उल्लेख गर्नुभयो । "जुन दिन तपाईंले ठुलो मुद्दाको फैसला गर्नुहुन्छ, त्यो दिन बेलुका सामाजिक सञ्जाल नहेर्नुस्, यसले मानसिक शान्ति दिन्छ," उहाँले भन्नुभयो ।

उहाँले राष्ट्रिय न्यायिक प्रतिष्ठानले दिने तालिममा एक महिनाको अवधिमा मानसिक स्वास्थ्य र तनाव व्यवस्थापनको एक छुट्टै कक्षा राख्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

नेपाल बार एशोसियशनका अध्यक्ष प्रा डा. विजयप्रसाद मिश्रले मानसिक तनावका कारण कतिपय न्याय क्षेत्रका मानिसले अकालमै आत्महत्या भएको भन्दै यसो हुन नदिन यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले ठुला कानुन व्यवसायी अफिसले आफ्ना कर्मचारीलाई 'मानसिक सु-स्वास्थ्य र तनाव व्यवस्थापन' सम्बन्धी तालिम प्रदान गर्नुपर्ने बताउनुभयो । उहाँले मानसिक स्वास्थ्य र तनाव व्यवस्थापन' सम्बन्धी तालिमलाई नेपाल बारलेसमेत अगाडि बढाउने स्पष्ट पार्नुभयो ।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीश सुदर्शनदेव भट्टले पछिल्लो समय हरेक क्षेत्रमा मानसिक तनाव बढ्दै गएको भन्दै यसलाई न्यूनीकरण गर्न जरुरी रहेको उल्लेख गर्नुभयो ।

विशेष अदालत बार एशोसिएसनका अध्यक्ष टीकाबहादुर कुँवरले न्याय क्षेत्रमा हुने निरन्तरको कार्यबोझ र मानसिक चापकाबिच काम गर्ने कानुन व्यवसायीलाई राहत पुर्‍याउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले आगामी दिनमा कानुन व्यवसायीको मानसिक स्वास्थ्य परीक्षणका लागि 'स्क्रिनिङ क्याम्प' सञ्चालन गरिने बताउनुभयो ।

मनोचिकित्सक तथा अनुसन्धानकर्ता डा. ऋषभ कोइरालाले विभिन्न मुद्दाबारे चिन्ता लिँदा कानुन व्यवसायी मानसिक समस्यामा पर्ने गरेको भन्दै यसलाई कम गर्न योगा, ध्यान आवश्यक रहेको बताउनुभयो । उहाँले नेपालमा १० जनामध्ये एक जना मानसिक समस्याको सिकार परेको बताउनुभयो ।

अमेरिकामा २८ प्रतिशत अधिवक्तामा 'डिप्रेसन' र १९ प्रतिशत अधिवक्तामा 'एन्जाइटी' को समस्या देखिने गरेको डा. कोइरालाले बताउनुभयो । नियमित शारीरिक गतिविधि, योगा, ध्यान, विपश्यना, सन्तुलित आहारविहार, सागसब्जी सेवन गरेमा मानसिक समस्यामा केही कमी आउने उहाँको भनाइ थियो । ***रासस***

# हुरीले बिजुली आपूर्तिमा अवरोध, मर्मत जारी : विद्युत् प्राधिकरण

काठमाडौँ, ११ जेठ । हुरीका कारण देशका विभिन्न स्थानमा रुख ढल्दा अस्थायी रूपमा बिजुली आपूर्तिमा अवरोध उत्पन्न भएपछि मर्मतसम्भारको कामलाई तीव्र पारिएको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार प्रतिकूल मौसमका कारण रुख ढल्दा केही स्थानमा अस्थायी रूपमा विद्युत् आपूर्तिमा अवरोध उत्पन्न भएपछि मर्मतको काम तीव्र पारिएको हो ।

प्रभावित क्षेत्रमा नेपाल विद्युत् प्राधिकरणका प्राविधिक टोलीहरू निरन्तर रूपमा खटिइ मर्मत तथा पुन:सञ्चालनको कार्य तीव्र गतिमा अघि बढाइरहेका छन् ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले तत्काल मर्मतको काम अगाडि बढाउन प्राधिकरणका पदाधिकारीलाई निर्देशन दिनुभएको छ ।

विवरणअनुसार पिलुवा-पथलैया-चन्द्रनिगाहपुर खण्डको टावर नं १२२-१२३ बिच रुख ढलेर प्रसारण लाइन प्रभावित भएकामा उक्त रुख हटाउने कार्य सम्पन्न भइसकेको छ । हाल सर्किट चार्ज गर्ने कार्य भइरहेको प्राधिकरणले जनाएको छ । यस्तै सोही खण्डको (टावर नं १३६-१३७) मा तीन वटा रुख हटाइएको छ तथा लाइन पुन:सञ्चालनका लागि आवश्यक प्राविधिक कार्य जारी रहेको छ ।

अमलेखगञ्ज-कामाने खण्डको टावर नं ४६-४७ बिच एक रुखका कारण प्रसारण लाइनको कन्डक्टरमा क्षति पुगेको छ । मर्मतका लागि प्राविधिक टोली घटनास्थलमा पुगिसकेको छ र 'स्ट्रिङिङ' कार्य सुरु गरिएको छ । आइतबार दिउँसोको हुरीले देशका विभिन्न स्थानमा बिजुली आपूर्तिमा समस्या आएको थियो । सोमबार बिहानसम्म सहज रूपमा बिजुली आपूर्ति गराउने प्रयास भइरहेको प्राधिकरणले जनाएको छ । ***रासस***

विश्व सङ्क्षेप

# लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत

सिद्धार्थनगर (भैरहवा), ११ जेठ। लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कृषि, पर्यटन, पूर्वाधार विकास तथा रोजगार प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै वार्षिक नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेको छ ।

प्रदेश प्रमुख कृष्णबहादुर घर्तिमगरले सोमबार प्रदेशसभाको बैठकमा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो। प्रदेश प्रमुख घर्तिमगरलाई प्रदेशसभा भवनमा मुख्यमन्त्री चेतनारायण आचार्य, सभामुख तुलाराम घर्तिमगर, मन्त्री तथा प्रदेशसभा सदस्यहरूले स्वागत गर्नुभएको थियो ।

सरकारको नीति तथा कार्यक्रममा कृषि उत्पादन वृद्धि, पर्यटन क्षेत्रको प्रवर्द्धन, सडक तथा अन्य पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा सुशासनमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषय समेटिएको छ। साथै युवालाई रोजगारी र उद्यमशीलतासँग जोड्ने कार्यक्रमलाई समेत प्राथमिकतामा राखिएको छ। *रासस*

# तल्लो सेती जलविद्युत् आयोजना निर्माणको तयारी

दमौली (तनहुँ), ११ जेठ । तनहुँमा १२६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजना निर्माण हुने भएको छ ।

एसियाली विकास बैङ्कको २२७ मिलियन अमेरिकी डलर, ३० प्रतिशत स्वपुँजी र ७० प्रतिशत ऋणमा निर्माण गर्न लागिएको आयोजना प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

अर्धजलाशययुक्त सो आयोजनाको बाँध तनहुँको बन्दीपुर-६ र देवघाट गाउँपालिका-३ मा पर्दछ। विद्युत्गृह, कर्मचारी आवास, मुख्य सुरुङ देवघाट गाउँपालिका-३ र ४ मा पर्दछ ।

श्रेष्ठले विद्युत्गृह तथा कर्मचारी आवास निर्माणका लागि आवश्यक करिब १४६ रोपनी जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो । *रासस*

# रौतहटमा बाघ गणना जारी

चन्द्रपुर (रौतहट), ११ जेठ। बाघको संरक्षण गर्न सबै तहतप्काबाट लाग्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

बाघ संरक्षण तथा मानव-बाघ द्वन्द्व न्यूनीकरणसम्बन्धी सञ्चारकर्मीलाई लक्षित गर्दै आइतबार चन्द्रपुरमा आयोजित सचेतनामूलक कार्यक्रममा डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तप्रसाद साहले यस्तो बताउनुभएको हो ।

बाघप्रति आमनागरिकले सकारात्मक धारणा बनाए मात्रै बाघको संरक्षण हुने र बाघ भएको ठाउँ सुन्दर जङ्गल भएको हुँदा बाघ मार्ने र बाघसँगको दुस्मनी कसैले पनि गर्न नहुने उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, "रौतहटको जङ्गलमा बाघको सङ्ख्या यकीन नभए पनि यहाँका विभिन्न जङ्गलमा बाघ बस्दै आएको देखिएको छ। लोपन्मुख अवस्थामा रहेको पाटेबाघ छ। लमाहा नदीको माथिदेखि तल्लो क्षेत्रमा, धन्सारको वन क्षेत्रमा, हातेमालो सामुदायिक वन उपभोक्ता समुह र रङ्गपुर साझेदारी वनको सतियारी वनक्षेत्र, गैँडाटारको वनक्षेत्र, वाग्मतीको जुडिबेला र पौराइको वनक्षेत्र, रामलाल वृन्दावन साझेदारीको वनक्षेत्र, फतुवा विजयपुरको नमस्ते सामुदायिक वन क्षेत्रमा बाघको बसोबास रहँदै आएको छ ।"

बाघले मुख्य रूपमा जरायो, चित्तल, बँदेल, बान्हसिङ्गालगायत जनावरलाई आहाराका रूपमा प्रयोग गर्ने उहाँले जानकारी दिनुभयो ।



**झोलुङ्गे पुल**

अछामको मेल्लेख गाउँपालिका-१ लिफ्रु र वडा नं २ डाँडा जोड्न निर्माण गरिएको २७८ मिटर लम्बाइ रहेको झोलुङ्गे पुल। उक्त पुल पछिल्लो समय पर्यटकीय गन्तव्य बन्दै गएको छ। *तस्बिर स् सुशील भण्डारी/रासस*

# प्राङ्गारिक मल तथा बायो ग्याँस उद्योग : उद्घाटन गरेको पाँच वर्ष बित्यो, अझै सञ्चालन गरिएन

**- केदार मगर**

खोटाङ, ११ जेठ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजार तथा आसपासका फोहर सङ्कलन गरेर प्रशोधनगरी मोहर कमाउने लक्ष्यसहित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित ओखरबोटेमा प्राङ्गारिक मल तथा बायोग्याँस उद्योग स्थापना गरेको पाँच वर्ष भयो ।

करिब रु. पाँच करोड लगानीमा स्थापना गरिएको उद्योग तत्कालीन १ नं प्रदेश (हाल कोसी प्रदेश) का तत्कालीन मुख्यमन्त्री शेरधन राईले विसं २०७७ चैत २१ गते तामझामका साथ उद्घाटन गर्नुभएको थियो ।

तत्कालीन नगरप्रमुख दीपनारायण रिजाल र उपप्रमुख विणादेवी राईले विसं २०७६ असार-१ मा शिलान्यास गर्नुभएको उद्योगमा नेपाल सरकार, अर्थमन्त्रालयको विशेष अनुदानवापत रु. तीन करोड ३२ लाख तथा नगरपालिकाको रु. एक करोड ५६ लाख लगानी गरिएको छ। रासायनिक मल प्रयोग हुँदै आएको नगरपालिकालाई अर्गानिक नगर बनाउने अभियानमा स्वत:स्फूर्त लागेका नगरवासी आफ्नै ठाउँमा प्राङ्गारिक मल उद्योग सञ्चालन भएपछि खुशी भएका थिए ।

प्रतिघण्टा एक हजार केजी मल उत्पादन गर्न सकिने क्षमताको प्राङ्गारिक मल उद्योग तथा गोबरग्याँस उत्पादन गर्ने र त्यसलाई सिएनजी ग्याँसमा परिवर्तन गरेर एलपी ग्याँसकै रूपमा सिलिण्डर भरेर उपभोक्तालाई वितरण गर्नेगरी स्थापना गरिएको बायोग्याँस प्लान्ट अहिले अलपत्र छ। पन्ध्र वडा रहेको यस नगरपालिकालाई अर्गानिक नगर बनाउँदै आन्तरिक आम्दानीको स्रोतको रूपमा विकास गर्ने उद्देश्यसहित स्थापना गरिएको प्राङ्गारिक मल तथा बायोग्याँस उद्योग लामो समयदेखि अलपत्र बनेपछि नगरपालिकाका वर्तमान जनप्रतिनिधिको आलोचना भइरहेको छ ।

राज्यको लगानीमा स्थापना गरिएको दुईवटा उद्योग उद्घाटन गरेको पाँच वर्ष बितिसक्दा पनि सञ्चालनमा ल्याउने नगरपालिकाको कुनै योजना नभएपछि जिल्लावासीले अलपत्र उद्योगको तस्वीर सामाजिक सञ्जालमा राख्दै आलोचना गर्ने गरेका छन्। वर्तमान जनप्रतिनिधिले सामाजिक सञ्जाल तथा स्थानीयको आलोचना सुनुवाइ नगर्दा राज्यकोषको करिब रु. पाँच करोड लगानी डुब्ने लगभग निश्चितजस्तै भएको छ ।

आफ्नो गाउँमा प्राङ्गारिक मल उद्योग तथा बायोग्याँस प्लान्ट स्थापना हुने भएपछि आफूले छ रोपनी जग्गा नि:शुल्क उपलब्ध गराएको स्थानीय गङ्गाबहादुर विश्वकर्माले बताउनुभयो। जिल्लाका अगुवा कृषकसमेत रहनुभएका विश्वकर्माले भन्नुभयो, "उद्योगबाट उत्पादन भएको मललाई नगरपालिकाकै अगुवाइमा डिलरमार्फत बिक्री तथा वितरण गर्ने लक्ष्य राखिएको थियो। उद्घाटन गरेको पाँच वर्ष बित्यो। अहिलेसम्म सञ्चालनमा ल्याउने वर्तमान जनप्रतिनिधिको कुनै तयारी छैन। उद्योगमा राज्यको ठुलो लगानीमा फसेको छ। वर्तमान जनप्रतिनिधिले यसलाई तत्काल सञ्चालनमा नल्याएको खण्डमा त्यो लगानी खेर जानेवाला छ। उद्योगमा राखिएका धेरै औजार तथा सजावटका सामग्रीहरू काम नलाग्ने भइसकेका छन् ।"

उद्योगबाट उत्पादित प्राङ्गारिक मल मलिलो र राम्रो हुने भएकाले पहिलो चरणमा नगरपालिकाभित्रकै कृषकलाई अनुदानमा वितरण गर्ने भनिएको थियो। तीन हजार ५०० घनमिटर क्षमताको अण्डरग्राउण्ड डुम (ट्याङ्की) मा कच्चा पदार्थ हालेर गोबरग्याँस उत्पादन गर्ने र त्यसलाई सिएनजी ग्याँसमा परिवर्तन गरेर एलपी ग्याँसकै रूपमा सिलिण्डर भरेर उपभोक्तालाई वितरण गर्ने लक्ष्य राखिएको थियो ।

दिक्तेल बजारका शौचालयको ट्याङ्कीमा रहेका दिसापिसाबलाई सक्सन मेसिनले तानेर बायोग्याँस प्लान्टमा लैजाने नगरपालिकाको तयारी थियो। गाई/भैँसीको आवश्यक गोबर र स्याउलाका लागि कम्पोस्ट मल उद्योग र बायोग्याँस प्लान्ट रहेको स्थानभन्दा केहीमाथि सुधारिएको गोठमा भैँसी पालनसमेत गरिएको थियो ।

सङ्घीय सरकारको सहयोगमा नगरपालिकाले स्थापना गरेको उद्योगमा स्थानीय चार युवालाई पूर्णकालीन तथा २५ जनालाई अल्पकालीनरूपमा रोजगारीसमेत दिइएको थियो। लामो समयसम्म बिनाकाम जागिर खाएका ती कर्मचारी तथा गोठमा बाँधिएका भैँसी अहिले उद्योगमा छैनन् ।

करारमा नियुक्त गरिएका कर्मचारीका लागि कति रकम भुक्तानी दिइयो भन्ने यकिन तथ्याङ्क अहिले नगरपालिकासँग छैन। यस विषयमा बेलाबेला कुरा उठ्ने गरेको छ। तर, सम्बन्धित निकाय नै मौन रहने गरेकाले बाहिर आउन सकेको छैन ।

मलमूत्रका लागि रु. दुई लाखमा खरिद गरिएका तीन भैँसीमध्ये एउटा मरेको र दुईवटा रु. ९० हजारमा लिलाम गरिएको नगरपालिकाले जनाएको छ। यतिका ठुलो लगानी रहेको उद्योग सञ्चालनमा नआउनुमा तत्कालीन जनप्रतिनिधिको दीर्घकालीन योजना नहुनु पनि एउटा कारण भएको बताइएको छ ।

दस स्थानीय तह रहेको जिल्लाको सबैभन्दा ठुलो यस नगरपालिकालाई पाँच वर्षभित्र पूर्ण अर्गानिक बनाउने तयारीस्वरूप प्राङ्गारिक मल उद्योग स्थापना गरिएको तत्कालीन नगरप्रमुख रिजालले बताउनुभएको थियो। अघिल्लो स्थानीय सरकारले दीर्घकालीन कार्ययोजना नबनाई विभिन्न संरचना निर्माण गरेकाले यस्तो अवस्था आएको वर्तमान नगरप्रमुख तीर्थराज भट्टराईको दाबी छ ।

उद्योग परिसरमै निर्माण निर्माण गरिएका पोखरी र हाइटेक ग्रिन हाउस पनि अलपत्र अवस्थामा छ। पोखरी र हाइटेक ग्रिन हाउस निर्माणमासमेत नगरपालिकाको ठुलो मात्रामा रकम खर्च भएको स्रोतको दाबी छ ।

प्राङ्गारिक मल उद्योगका लागि खरिद गरिएको एउटा सक्सन मेसिन, दुईवटा ट्र्याक्टर र एउटा गाडी भने नगरपालिकाले उपयोग गरिरहेको छ। बनेका संरचना व्यवस्थित गरेर सञ्चालन गर्न नसक्नुले वर्तमान जनप्रतिनिधिको कार्यक्षमताप्रति प्रश्नचिह्न खडा भएको नगरवासीको गुनासो छ ।

मल उत्पादनका लागि आवश्यक कच्चा पदार्थका लागि भैँसी खरिद, उद्योगको कम्पाउण्डमा गार्डेनिङका लागि विभिन्न किसिमका फूलका बिरुवा तथा सजावटका सामग्रीमा पनि खर्च भएको छ। स्थापना गरिएका उद्योग सञ्चालन नगरी अलपत्र पर्नुमा राजनीतिक प्रतिशोध भएको स्थानीयको आरोप छ। *रासस*

हार्दिक समवेदना



जन्म
१९९६/१२/११

स्वर्गारोहण
२०८३/०२/०६

हाम्रा मिलनसार साथी पुण्यराम सुवालका पूजनीय पिता **न्हुछेलाल सुवाल**को अल्पआयुमै असामयिक निधन भएकोले सातौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | | | |
|---|---|---|---|---|
| दिलिपकुमार सुवाल | राजेन्द्रमान उलक | साजन कासिछ्वा | किशोर कोजु | विश्वराम कोजु |
| रामकृष्ण प्रजापति | आशराम नागाजु | राकेश ध्वजु | तुल्सीराम हेंगोजु | पूर्णभक्त बोहजु |
| राम सुवाल | राजेश भैनात्व | ज्ञानेन्द्र सुवाल | उपेन देउला | राजाराम गाइजु |
| सिताराम सुवाल | अनिस देउला | लक्ष्मीप्रसाद दुमरु | दिनेशकुमार कापर | सविन देउला |
| भरत अवाल | राधेश्याम वैद्य | राधेश्याम मचामसी | अमन देउला | कृष्णप्रसाद त्वायना |
| दीलिपनारायण श्रेष्ठ | बुद्धिकुमार सुखपायो | लक्ष्मीप्रसाद खोंजु | कमला देउला | रविन कोजु |
| आशराम सुवाल | केदार दुवाल | न्हुछेकुमार कोजु | ईश्वरीमैंया लाखाजु | सुन्दर ब्यान्जु |
| रामशरण त्वाती | पुरुषोत्तम कवां | जेनिन कोजु | छोरी देउला | तुल्सीराम नखेतरु |
| दयाराम गोसाई | सागर तचामो | दिनेश देउला | रीता देउला | कपिल ह्यौंमिखा |
| राजकुमार दुवाल | चन्द्रलक्ष्मी देउला | केशव कोजु | गौरीनारायण गोठे | सविन गोर्खाली |
| राजकुमार सुवाल | मकरमाया देउला | आसभक्त बंजमणी | राजीव पुजारी | ज्ञानुछोरी देउला |
| विक्रम गाइजु | धनश्वरी प्रजापति | रमिता तमखु | केशव प्रजापति | प्रकाश देउला |

**। सम्पादकीय ।**

# संविधानमा राष्ट्रपतीय बन्दोबस्त आवश्यक

अहिले देशमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेटसँगै संविधान संशोधनको पनि चर्चा भइरहेको छ । संविधान संशोधनको लागि यसअघि प्रधानमन्त्री बालेन्द्र साहका राजनीतिक सल्लाहकार असीम साहको संयोजकत्वमा एक कार्यदल बनेको थियो । उक्त कार्यदलले शासकीय स्वरुप, निर्वाचन प्रणाली, सङ्घीयता, प्रदेश, स्थानीय तह, न्यायपालिका, संवैधानिक निकाय र अन्य विविध गरी आठ वटा विषयमा केन्द्रित गरेर सुझाव सङ्कलन गरिरहेको छ । कार्यदलले संसद्मा रहेका दलहरूसँग मात्र सल्लाह लिइरहेको हो कि संसद्मा प्रतिनिधित्व नभएका दलहरूसँग पनि सल्लाह मागिरहेको हो ? संविधान संशोधनको लागि विभिन्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, जनप्रतिनिधिहरूले संविधानसभाको निर्वाचनताका पनि विभिन्न सुझाव दिएका थिए ।

संविधान साध्य होइन; साधन हो । त्यो साधन कहिले पनि विखण्डनकारीको अनुकूल बन्न दिनु हुँदैन । देशमा जातीय, भाषिक र साम्प्रदायिक विवाद र देश विभाजन हुने खालको कुनै पनि प्रावधान संविधानमा राख्नुहुँदैन । भूगोल र प्राकृतिक स्रोत तथा साधनको आधारमा जनताको इच्छाअनुसार देशको छिटो आर्थिक विकास गर्ने बाटो खोल्नुपर्छ । हरेक प्रदेशले हिमाल, पहाड र तराई पाउने गरी भूगोल वा नदीले कोरेका सीमाअनुसारको प्रदेश बनाउनु उपयुक्त हुन्छ । राष्ट्रपति प्रत्यक्ष निर्वाचनबाट बहाल हुने, सांसदहरू मन्त्री हुन नहुने व्यवस्था संविधानमा ल्याउनुपर्ने सुझाव पहिल्यै दिइएको थियो । राष्ट्रपतिले आफ्नो सुविधाको लागि आफैप्रति उत्तरदायी हुने बुद्धिजीवीहरूको एक सानो मन्त्रिपरिषद् बनाउनु उपयुक्त हुन्छ । सांसदहरू सरकार ढाल्ने र बनाउने सत्ताको खेल बारम्बार चलिरहेको हुँदा त्यसबाट मुक्त हुन पनि राष्ट्रपतीय बन्दोबस्तको आवश्यकता महसुस गरिएको हो ।

नेपाल विभिन्न जातजाति, भाषाभाषीहरूको कला, संस्कृति र ऐतिहासिक स्मारकहरू रहेको सम्पदा क्षेत्र हो । सरकारले कुनै निश्चित क्षेत्रलाई, नगर वा गाउँपालिकालाई पुरातात्त्विक र ऐतिहासिक स्मारक संरक्षण गर्न तथा त्यहाँको कला, संस्कृति, भाषा एवं जाति जोगाउन सांस्कृतिक नगर, सांस्कृतिक गाउँ वा सांस्कृतिक सम्पदा स्थल क्षेत्र घोषणा गर्नुपर्छ । देशको कला र संस्कृतिको संरक्षण गर्दै जीवन्तता दिन या मौलिकता कायम गर्न सांस्कृतिक क्षेत्र घोषणा गर्ने व्यवस्था गर्नुपर्छ । मौलिक अधिकारको रूपमा संविधानमा शोषणको विरोधको अधिकार, व्यक्तित्त्व विकासमा समान अवसरको अधिकार, ज्येष्ठ नागरिकलाई जीवनको सुनिश्चितता गर्ने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको सिद्धान्तअनुसार सबै नागरिकलाई रोजगारीको सुनिश्चितता गर्ने प्रावधान संविधानमा उल्लेख गर्नुपर्छ । त्यस्तै जिल्लाका विभिन्न नगर र वडाहरूमा आदर निकेतनको व्यवस्था गर्नुपर्छ । प्राथमिक आधारभूत तहदेखि माविसम्म अनिवार्य र उच्च शिक्षा निःशुल्क गर्ने बुँदा पनि संविधान संशोधनमा उल्लेख गर्नु आवश्यक छ ।

देशलाई समाजवादउन्मुख समाजमा रुपान्तरण गर्न क्रान्तिकारी भूमिसुधार, नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने, राज्यको संरचनामा कामदारवर्गका महिलाहरूको जनसङ्ख्याअनुसार सहभागिता सुनिश्चित गर्नुपर्ने अर्को महत्त्वपूर्ण पक्ष हो । आफ्नो देशको रक्षा र हितको विरोधमा विदेशीहरूलाई गुप्त र रक्षा मामिलाको सूचना दिएर देशको आन्तरिक मामिलामा द्वन्द्व चर्काउने, शत्रु पोस्नेहरूमाथि कडा कारबाही गर्न कानुन निर्माण गर्नुपर्ने देखिन्छ । देशको भूअखण्डता र सीमा तथा सम्पत्ति सुरक्षाको निम्ति हरेक नागरिक तयारी हुनुपर्ने र जिम्मेवारीबोध गराउनुपर्ने वातावरण तयार गर्नुपर्छ ।

सर्वोच्च अदालतको प्रधानन्यायाधीश र अन्य न्यायाधीशहरू न्यायाधीशरूबाटै निर्वाचित हुने, नेपाली सेनाको प्रधानसेनापति र अन्य माथिल्ला पदाधिकारीहरू सम्बन्धित अधिकृतहरूबाटै निर्वाचित हुने व्यवस्था भयो भने प्रधानन्यायाधीश चयनमा राजनीतीकरण हुनेछैन; सरकारले मनपरेको मनोनीत गर्‍यो भने त्यहाँ सत्ता स्वार्थ लुकेको हुन्छ । सरकारले चुनेको प्रधानन्यायाधीशले कसको सेवा गर्लान् ? के उनले निष्पक्ष न्याय देलान् ? त्यस्तो स्थितिमा न्याय मर्छ । निष्पक्ष न्याय नदिएकै कारण न्यायालय या अदालत बदनाम भएको हो । सरकारको अदूरदर्शी निर्णयकै कारण न्यायालय या अदालत बदनाम भएको हो । अदूरदर्शी निर्णयकै कारण विश्वविद्यालयको स्थिति पनि सन्तोषजनक देखिँदैन । विश्वविद्यालय बदनाम हुनुको कारण पनि सत्ता स्वार्थमा केन्द्रित राजनीति हो । त्यसकारण प्रधानन्यायाधीश, प्रधानसेनापति या उच्चपदस्थ व्यक्तिहरूझैं विविका उपकुलपति, रेक्टरजस्ता महत्त्वपूर्ण पदहरू पनि सम्बन्धित व्यक्तिहरूबाटै निर्वाचित हुनुपर्ने बन्दोबस्त गर्नुपर्छ । संविधान संशोधन गर्न गठित कार्यदलले देश र जनताका महत्त्वपूर्ण सवाल र पक्षबारे ध्यान दिएमा देश र जनताकै फाइदा हुन्छ । यस्तो कार्य गरे सरकारप्रति जनताको विश्वास बढ्नेछ । के यी सवालहरू पूरा गर्न रास्वपाको सरकार तयार होला ? तयारी गरेर पूरा गर्ला ?

# बोलिभियामा राजनीतिक सङ्कटले निम्त्याएको अस्थिरता

✍ मारिया सिल्भिया ट्रिगो

बोलिभियामा राष्ट्रपति रोड्रिगो पाजले पदभार ग्रहण गरेको ६ महिना नबित्दै उनको राजीनामा माग चर्किएको छ । पाजको सरकारसँग विभिन्न माग राख्दै विरोधमा उत्रिएका प्रदर्शनकारीले सरकारमाथि दबाब बढाउन देशका कैयौं प्रमुख राजमार्ग बन्द गरिरहेका छन् । बढ्दो राजनीतिक तनावले देशको सामाजिक स्थिरता नै जोखिममा पर्ने हो कि भन्ने चिन्तासमेत बढाएको छ ।

पछिल्लो प्रदर्शन सुरु भएको एक महिनाभन्दा बढी भइसकेको छ । विभिन्न क्षेत्र र पेसामा आबद्ध समूह र नागरिकले सरकारसँग फरक-फरक माग राख्दै एक महिनादेखि सुरु गरेको प्रदर्शन अन्त्य हुने छाँट देखिँदैन । केहीको ज्यालावृद्धिको माग थियो भने अरूको मिसावटयुक्त इन्धनको गुनासो थियो । विशेषतः मिसावटयुक्त इन्धनले हजारौं सवारीसाधनलाई क्षति पुर्‍याएपछि झन् आक्रोश बढ्न गएको छ । अन्य समूहले भूमि वर्गीकरणसम्बन्धी नयाँ व्यवस्थाको विरोध जनाइरहेका छन् । नयाँ व्यवस्थाले ठुला व्यवसायीको हातमा भूमि केन्द्रीकरण हुने आरोप लगाएका छन् ।

सरकारले भूमि कानुन खारेज गर्ने र शिक्षकका लागि आर्थिक बोनस प्रदान गर्ने, साथै क्षतिग्रस्त केही सवारी साधनको क्षतिपूर्ति प्रदान गर्नेजस्ता केही माग स्वीकार गरेको छ । यसले विवाद केही कम गर्न सफल भए पनि उच्च पहाडी क्षेत्रका आदिवासी समूहले भने अहिले राष्ट्रपतिले राजीनामा नदिएसम्म सडक अवरुद्ध गर्ने बताएका छन् । मे ६ मा सयौं प्रदर्शनकारीले राजधानी ला पाज सहर प्रवेश गर्ने सबै सडकमा ब्यारिकेड खडा गर्न थालेका थिए । प्रत्येक दिन औसत २० जनाभन्दा बढी धर्नामा बसिरहेका छन् । राजमार्ग बन्द गर्ने आदिवासी समूहले देशका ठुला श्रमिक सङ्गठनसहित विगतमा सरकारी निर्णयमाथि दबाब दिन सक्ने क्षमता भएका अन्य सङ्घसंस्थाको समर्थन प्राप्त गरेका छन् ।

'देशका संरचनात्मक समस्या समाधान गर्न असफल भएका कारण राष्ट्रपतिले राजीनामा दिनुपर्ने हाम्रो माग छ । उनले हामीलाई विभाजित गर्दै छन्, देशलाई बिक्रीमा राख्दै छन् । यस्ता माहोलमा हाम्रा छोराछोरी र नातिनातिनाको भविष्य कस्तो होला ?' सेन्ट्रल ओब्रेरा बोलिभियाना' की मजदुर सङ्गठनकी नेतृ मारियो अर्गोलोले पत्रकारहरूसँग भनिन् ।

प्रदर्शन र सडक अवरोधका कारण देशका दुई सबैभन्दा बढी जनसङ्ख्या भएका सहरी केन्द्र ला पाज र एल अल्टोले खाद्यान्न अभाव सामना गर्न थालेका छन् । कैयौं विद्यालयमा पठनपाठन बन्द भएको छ । लामो दूरीका सार्वजनिक यातायात ठप्प प्रायः छ । विरोध प्रदर्शनले जनजीवन प्रभावित भएका सहरी बासिन्दाले प्रदर्शन अन्त्य गर्न कडा कदम चाल्न माग गरिरहेका छन् । तथापि, सरकारले अहिलेसम्म आपत्कालीन अवस्था घोषणा गर्न अस्वीकार गर्दै आएको छ । विरोध प्रदर्शनमा विविध समूहले भाग लिए पनि यसले यो स्तरको रूप लिनुमा मुख्यतः आदिवासी तथा श्रमिकवर्गको सघन बसोबास रहेको क्षेत्रमा बढ्दो असन्तुष्टि जिम्मेवार रहेको विश्लेषकले बताएका छन् ।

**राजनीतिक तथा रणनीतिक परिवर्तन**

राष्ट्रपति बन्नुअघि रोड्रिगो पाज एक मध्यमार्गी सिनेटर थिए । लामो राजनीतिक करियर भए पनि पाज देशव्यापी परिचित व्यक्तित्व भने थिएनन् । यसैकारणले गत निर्वाचनमा उनले आफूलाई 'नयाँ' उम्मेदवारका रूपमा प्रस्तुत गर्न सफल भए । देशमा लामो समय शासन गरेको 'मुभमेन्ट फर सोसियलिजम (एमएएस)' पार्टी आफूभित्रको आन्तरिक विभाजन र विवादका कारण पराजित भएपछि उनी बोलिभियाको पहिलो राष्ट्रपति बने । कमजोर प्रशासनिक व्यवस्थापन र भ्रष्टाचार काण्डबिच देशमा लगातार २० वर्ष शासन गरेको एमएएसले गत निर्वाचनमा केवल तीन प्रतिशत मत प्राप्त गर्‍यो ।




चुनावी अभियानको क्रममा रोड्रिगो पाजले मध्यमार्गी अडान लिएका थिए । अन्य दक्षिणपन्थी उम्मेदवारको तुलनामा मध्यपन्थी विचारले गर्दा कैयौं पूर्वएमएएस मतदाताले उनलाई मत दिए । राष्ट्रपति बनेपछिका ६ महिनाको अवधिमा उनलाई मत दिने एमएएसका मतदाता केवल निराश मात्र छैनन् । उनीहरूले वर्तमान सरकारबाट बहिष्कृतसमेत महसुस गरिरहेका छन् । पहिलो त रोड्रिगो पाजले मन्त्रिपरिषद् गठन गर्दा देशमा ठुलो सङ्ख्यामा रहेका आदिवासी वा श्रमिकवर्गका कुनै व्यक्तिलाई प्रमुख पदमा नियुक्त गरेनन् । जबकि, विगत दुई दशकको एमएएस शासनकालमा यी समूहबाट धेरै सदस्य सरकारमा थिए । अहिलेको सरकार व्यापारिक अभिजात वर्गसँगको साँठगाँठमा चलेको यिनको बुझाइ छ ।

झन् असन्तुष्टिलाई थप्ने गरी पाजले केही नीतिगत कदम चाले । तिनमा ठुलो सम्पत्तिमा लाग्दै आएको कर हटाउने, व्यापारिक अभिजातवर्गका सदस्यलाई आफ्नो मन्त्रिपरिषद्मा नियुक्त गर्नेदेखि ठुला कृषि व्यापारीलाई फाइदा हुने गरी कदम चाल्नेदेखि र संयुक्त राज्य अमेरिका तथा इजरायलसँग घनिष्ट सम्बन्ध विकास गर्नेसम्मका कदम रहे । विगतमा एमएएसको पालमा यी दुवै देशसँग बोलिभियाको कुनै कूटनीतिक सम्बन्धसमेत थिएन । चुनावी अभियानको क्रममा अन्तर्राष्ट्रिय ऋण अस्वीकार गर्ने बताएका पाजले सत्ता सम्हाले यता अन्तर्राष्ट्रिय मुद्रा कोष ( आईएमएफ) जस्ता संस्थाबाट वित्तपोषण खोजिरहेका छन् ।

'रोड्रिगो पाजले चुनावमा अलग प्रतिबद्धता जनाएका थिए । तर, अहिले सत्ता सम्हालेपछि भने उनले आफ्नै चुनावी बाचाविपरीत शासन गर्न खोजेका छन् । त्यसकारण, मतदाताले आफूलाई बिर्सिएको मात्र नभई पूर्ण विश्वासघातका रूपमा लिएको छ,' राजनीतिक विश्लेषक लुसियाना जौरेगुईले बताइन् । आखिरमा श्रमिक तथा ग्रामीण समुदायको ठुलो समर्थनकै कारण पाजले ५५ प्रतिशत मतका साथ चुनाव जितेका थिए । विरोध प्रदर्शनलाई सन् २००६ देखि २०१९ सम्म सत्तामा रहेका पूर्वराष्ट्रपति इभो मोरालेसको समर्थनले झन् बल प्रदान गरेको छ । मोरालेजले वर्तमान राष्ट्रपतिको राजीनामा र आफूविरुद्धको न्यायिक कारबाही निलम्बनको माग गर्न राजधानी ला पाजतर्फ १९० किलोमिटर लामो मार्चपास परिचालन गरेर दबाबलाई अझ बढाए । मोरालेस पक्राउ वारेन्टको सामना गरिरहेका छन् । उनीविरुद्ध राष्ट्रपति रहेको समयमा एक किशोरी युवतीलाई यौन दुर्व्यवहार गरेको आरोप लागेको छ ।

मोरालेस बोलिभियाको पहिलो आदिवासी समुदायका राष्ट्रपति थिए । उनले लगातार तीन कार्यकाल शासन गरे । व्यापक समर्थनका साथ शासन गरेका मोरालेसले आफ्नो पालामा सामाजिक समावेशीकरण र आदिवासीको अधिकारका पक्षमा धेरै काम गरे । त्यस्तै, उनको शासनकालमा देशले लगातार उच्च आर्थिक वृद्धि हासिल गर्‍यो । उनले देशमा उलेख्य रूपमा गरिबी न्यूनीकरण गर्न सकेका थिए । तर, पछिल्लो समय देशमा तेल र ग्यास उद्योगमा देखिएको ह्रासले निर्यात घट्दा अमेरिकी डलरको अभाव सिर्जना भएको छ भने मुद्रास्फीति बढिरहेको थियो । यसले गर्दा देशले अहिले आर्थिक सङ्कट सामना गरेको छ ।

गत निर्वाचन यही आर्थिक मन्दीबिच भएको थियो । त्यसले पनि मोरालेसका उत्तराधिकारी रहेका पूर्वराष्ट्रपति लुइस आर्सेको शासनकाल निकै अलोकप्रिय बन्यो । अन्ततः उनको पार्टी एमएएस सत्ता गुमाउन बाध्य भयो । त्यति बेला मोरालेस र आर्सेबिच पार्टीमाथिको पकडका लागि प्रतिस्पर्धा पनि चलिरहेको थियो । मोरालेस आफैँले भने सन् २०१९ मा संविधानविपरीत चौथोपटक निर्वाचनमा उठेपछि विरोध सामना गरेका थिए । प्रदर्शनबिच सेनाले मोरालेसप्रतिको समर्थन त्यागेपछि उनी राजीनामा दिन बाध्य भए । मोरालेसमाथि वर्तमान सरकारले अस्थिरता बढाएर सत्तामा फर्कने षड्यन्त्र गरेको आरोप लगाएको छ ।

राजनीतिक विश्लेषक लुसियाना जौरेगुईले पाजको सरकारसँग प्रारम्भमा नयाँ 'सामाजिक संश्लेषण' प्रस्ताव गरेर अघि बढ्ने ऐतिहासिक अवसर रहे पनि त्यो अवसर खेर गइरहेको बताइन् । तथापि, सरकारले वर्तमान द्वन्द्वलाई सबै क्षेत्र समावेश गर्ने नयाँ 'सामाजिक सम्झौता' को आधार बनाउन सक्ने उनले विश्वास व्यक्त गरिन् । जारी प्रदर्शन र त्यसबाट सिर्जित अशान्तिले कुन दिशा लिनेछ भनेर भविष्यवाणी गर्न गाह्रो छ । सरकार केही मात्रामा शक्ति सुम्पन इच्छुक देखिएको छ ।

'एउटा विकल्प सामाजिक संस्थाहरूको सहभागिता सुनिश्चित गर्न एउटा अलग मन्त्रालय गठन गर्ने पनि छ,' राष्ट्रपति पाजनजिक मानिने सार्वजनिक कार्यसम्बन्धी मन्त्री मौरिसियो जामोराले एक रेडियो अन्तर्वार्तामा भने । अधिकारीहरूले देशलाई सामाजिक द्वन्द्वको खतराबाट बचाउने मार्ग खोज्दै गर्दा सरकारले प्रहरी बललाई समय-समयमा नाकाबन्दीमा हस्तक्षेप गर्न आदेश पनि दिइरहेको छ । विशेषतः खाना र औषधिलाई ला पाजमा भित्र्याउन सेनाले समय-समयमा कदम चालिरहेको छ ।

*(स्वतन्त्र पत्रकार ट्रिगो ल्याटिन अमेरिकाको राजनीति, प्रजातन्त्र र ध्रुवीकरणबारे लेख्छिन् ।)*

***- 'अलजजिरा' बाट***

# भारतमा प्रान्तीय निर्वाचन र जेन–जीको बढ्दो मिथक

● विजय प्रसाद

भारतका चार राज्यहरू असम, केरला, तमिलनाडु र पश्चिम बङ्गाल (जहाँ २९ करोड मानिसको बसोबास छ)– मा १२ करोड ३० लाखभन्दा बढी मानिसले आफ्नो प्रदेश सभाका लागि मतदान गरे । यी प्रभावशाली राज्यहरू हुन्: दुई दक्षिणमा, एउटा पूर्वमा र एउटा उत्तर-पूर्वमा अवस्थित छन् । आगामी राष्ट्रिय संसदीय निर्वाचन सन् २०२९ सम्म तय नभएकाले यी चुनावहरूलाई केन्द्र सरकारको भविष्यको सूचकका रूपमा हेरिएको छैन । यद्यपि, इन्धन र खाद्य मुद्रास्फीतिका कारण प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले चुनौतीहरूको सामना गरिरहेको सन्दर्भमा, यी चुनावहरू उनको लोकप्रियताको सूचक बनेका छन् ।



यस निर्वाचनका तीनवटा तात्कालिक निष्कर्षहरू छन्: पहिलो, 'विशेष सघन संशोधन' (SIR) मार्फत निर्वाचनमा गरिएको राज्यस्तरको हेरफेरले चुनावी प्रक्रियाप्रतिको विश्वासलाई निश्चित रूपमा कमजोर बनाएको छ, किनकि यसले मोदीको भारतीय जनता पार्टी (भाजपा) लाई पश्चिम बङ्गाल (जनसङ्ख्या १० करोड) मा विजय हासिल गर्न सक्षम बनाएको रूपमा हेरियो; दोस्रो, जेन-जी परिघटना वा विचारधारापछिको राजनीतिक लहर, तमिलनाडु (जनसङ्ख्या ७.७ करोड) मा चलचित्र स्टार विजयको तामिलागा भेत्री कभगम (TVK) को विजयमार्फत भारतमा प्रवेश गरेको छ; तेस्रो, केरला (जनसङ्ख्या ३.६ करोड) मा लेफ्ट डेमोक्रेटिक फ्रन्ट (LDF) को पराजयसँगै पाँच दशकमा पहिलो पटक भारतको कुनै पनि भागमा कम्युनिस्ट नेतृत्वको सरकार हुने छैन ।

**सत्ताविरोधी लहर ?**

प्रचलित धारणा के छ भने पश्चिम बङ्गाल, तमिलनाडु र केरला गरी तीनवटै राज्यका बहालवाला सरकारहरू सत्ताविरोधी लहरमा चुनाव हारे । तर, सूक्ष्म रूपमा परीक्षण गर्दा यो निकै सरल तर्क हुन सक्छ । उदाहरणका लागि, केरलामा कम्युनिस्ट नेतृत्वको एलडीएफ सरकारले गरेको प्रभावशाली कामले चरम गरिबीको उन्मूलन गर्‍यो (यसो गर्ने पहिलो भारतीय राज्य र चीन बाहिरको पहिलो स्थान) र शिशु मृत्युदर प्रति १,००० जीवित जन्ममा ५ भन्दा तल झार्‍यो (जुन संयुक्त राज्य अमेरिकाको भन्दा कम हो) । मतदाताहरूले

***पश्चिम बङ्गालमा भाजपाले बङ्गलादेशबाट आएका आप्रवासीहरूलाई निशाना बनायो, तर यसले अन्य आप्रवासीहरूको मनमा खिन्नता पैदा गरिदियो । सन् २०११ को जनगणना अनुसार, भारतमा आन्तरिक रूपमा बसाइँसराइ गर्ने ४५ करोड ६० लाख कामदारहरू थिए । जुन कुल जनसङ्ख्याको एकतिहाइभन्दा बढी हो । तर यीमध्ये अधिकांश कामदारहरूले आफूले काम गर्ने राज्यमा मतदान गर्न पाउँदैनन्, किनकि मतदान स्थायी ठेगानासँग जोडिएको हुन्छ र धेरैजसो आप्रवासीहरू आफ्नो पुर्ख्यौली गाउँमै दर्ता भएका हुन्छन् । फलस्वरूप, कामदारहरू मतदान गर्न घर फर्किनुपर्छ, जुन खर्चिलो र असुविधाजनक दुवै हुन्छ । यसले गर्दा उनीहरूको क्षेत्रमा मतदाताको उपस्थिति न्यून हुने गर्दछ ।***

एलडीएफलाई हालैका समयको सबैभन्दा गम्भीर पराजय दिनुपर्ने कुनै कारण थिएन ।

मोदीको केन्द्र सरकारले यी तीनवटै सरकारहरूलाई तह लगाउन सम्पूर्ण राज्य संयन्त्रको प्रयोग गर्‍यो, किनकि तिनीहरूका नेताहरूले विभिन्न मुद्दाहरूमा मोदीको राष्ट्रिय सरकारविरुद्ध मोर्चाबन्दीको नेतृत्व गरेका थिए । मुख्य समस्या के हो भने मोदी भारतको सङ्घीय प्रणालीलाई कमजोर पार्न र नयाँ दिल्लीमा शक्ति केन्द्रित गर्न चाहन्छन् । गैर-भाजपा राज्य सरकारहरूले यसको कडा प्रतिरोध गरेका छन्, जसमा दक्षिण भारतका राज्यहरूबाट सबैभन्दा तीखो आलोचना आएको छ । दक्षिणी राजनीतिक नेताहरूको तर्क के छ भने, उनीहरू आर्थिक रूपमा गतिशील भएका कारण त्यहाँको जनसङ्ख्या उत्तरको जस्तो बढ्न सकेन, जसको अर्थ राष्ट्रिय चुनावी नक्साको कुनै पनि संशोधनमा उनीहरूले केन्द्रीय विधायिकामा आफ्नो शक्ति गुमाउनेछन् । यी प्रान्तीय चुनावहरूमा मोदीले तीनैजना नेताहरू (पश्चिम बङ्गालकी ममता बनर्जी, तमिलनाडुका एम. के. स्टालिन र केरलाका पिनरायी विजयन) लाई निशाना बनाए र उनीहरूलाई हराए । राज्य संयन्त्रको प्रयोगको एउटा पाटो भारतको निर्वाचन आयोगद्वारा पश्चिम बङ्गालमा कम्तीमा २७ लाख मतदाताहरूको नाम हटाउनु थियो, साथै धार्मिक आधारमा मतदाताहरूलाई ध्रुवीकृत गर्न अत्यधिक उत्तेजक मुस्लिमविरोधी भाषा (विशेष गरी पश्चिम बङ्गालमा बङ्गलादेशबाट आप्रवासीहरूको 'घुसपैठ' को कुरा) प्रयोग गरिएको थियो । यस प्रतिस्पर्धामा बनर्जी र स्टालिन दुवैले आ-आफ्नो सीट गुमाए ।

**भारतमा जेन-जीको आगमन ?**

तमिल चलचित्रका ठुला स्टार चन्द्रशेखरन जोसेफ विजयले आफ्ना ८५,००० फ्यान क्लबहरूमार्फत आफ्नो पार्टी (TVK) घोषणा गरे, जुन तमिलनाडुको चलचित्र स्टार, फ्यान क्लव र राजनीतिक संयन्त्रबिचको लामो परम्परामा आधारित थियो । तर, उनको अभियानमा केही नयाँपन थियो । उनको सम्पूर्ण शैली डिजिटल निपुणता, अनलाइन दर्शकहरूलाई आकर्षित गर्ने सामाजिक मुद्दाहरूप्रतिको सचेतना र परम्परागत श्रेणीबद्ध प्रणालीप्रतिको अधीरताबाट प्रेरित थियो । उनको अभियानको उत्साह, दलीय बफादारी स्वीकार नगर्ने प्रवृत्ति र विजयको टोलीले राजनीतिक अपिलभन्दा सांस्कृतिक अपिल जगाउन सावधानीपूर्वक तयार पारेका राजनीतिक सन्देशहरूले उनको लोकप्रियतालाई ध्रुवीकृत मतदाताको सीमाभन्दा बाहिर फैलाइदियो । सन् १९७४ मा जन्मेका विजयले युवा मतदाताहरूमाझ यसरी पहुँच




बनाए कि उनले लोकप्रिय प्रशासक मानिने स्टालिन (जन्म १९५३) र अर्का मुख्य विपक्षी एडापाडी पलानीस्वामी (जन्म १९५४) लाई ओझेलमा पारिदिए । तर, विजयको यो परिघटना दृश्य र प्रचारमा बलियो देखिए पनि नीति वा प्रशासनिक क्षमतामा भने कमजोर छ । यसले बङ्गलादेशको जेन-जी आन्दोलनलाई अगाडि बढाउँछ जसको परिणामस्वरूप चुनावमा दक्षिणपन्थीहरूको विजय भएको थियो र नेपालको जेन-जी आन्दोलनलाई पनि, जसले केन्द्र-दक्षिणपन्थी अस्पष्टता विशेषता भएको सरकार निम्त्याएको थियो ।

तमिल चलचित्रका ठुला स्टार चन्द्रशेखरन जोसेफ विजयको सम्पूर्ण शैली डिजिटल निपुणता, अनलाइन दर्शकहरूलाई आकर्षित गर्ने सामाजिक मुद्दाहरूप्रतिको सचेतना र परम्परागत श्रेणीबद्ध प्रणालीप्रतिको अधीरताबाट प्रेरित थियो ।

धेरै अर्थमा, पश्चिम बङ्गालमा मोदीको भाजपाको जित पनि जेन-जी लहरबाटै निर्मित भएको जस्तो महसुस भयो । यस पटक यो एक प्रकारको छद्म हिन्दुत्व थियो । अर्थात् अनौपचारिक आप्रवासीविरोधी र मुस्लिमविरोधी अभिव्यक्ति तथा राजनीतिप्रतिको अस्पष्टताभित्र लुकेको हिन्दु शक्ति । सामाजिक सञ्जालहरूमा युवाहरूलाई केन्द्रित गरेर न्यारेटिभहरू चलाइएका थिए, जसमा भ्रष्टाचारविरोधी र पारदर्शिताजस्ता विषयहरू 'पाका पुस्ता विरोधी' सुनिएका थिए । भाजपाका नेता सुवेन्दु अधिकारी (जन्म १९७०) ममता बनर्जी (जन्म १९५५) भन्दा कान्छा हुनुले पनि उनलाई नयाँ पुस्ताको आगमनका रूपमा प्रस्तुत गर्न मद्दत पुर्‍यायो । युवा उम्मेदवारको मुस्कान र पश्चिम बङ्गाल भाजपाको सामाजिक सञ्जालको चमकधमकमुनि मतदाताहरूको अधिकार कटौती, चुनावी प्रचारको धार्मिक कट्टरता र भाजपाको हिन्दुत्व विचारधाराको पुरातन स्वरूप लुकेको छ । जुन केवल सय वर्षअघि सिर्जित एक प्राचीन काल्पनिक कथामा आधारित छ । सञ्चारमाध्यममा सिपालु व्यक्तित्वहरूले वास्तविक समस्याहरू समाधान गर्न वास्तविक विचारको आवश्यकतालाई नै धराशायी बनाइदिए । युवाहरू कुनै परिवर्तनको माग गर्दै सडकमा उत्रिनुभन्दा पनि यही प्रवृत्ति नै 'जेन-जी' परिघटनाको सार हो ।

**आप्रवासी मतदाताहरू**

पश्चिम बङ्गालमा भाजपाले बङ्गलादेशबाट आएका आप्रवासीहरूलाई निशाना बनायो, तर यसले अन्य आप्रवासीहरूको मनमा खिन्नता पैदा गरिदियो । सन् २०११ को जनगणना अनुसार, भारतमा आन्तरिक रूपमा बसाइँसराइ गर्ने ४५ करोड ६० लाख कामदारहरू थिए । जुन कुल जनसङ्ख्याको एकतिहाइभन्दा बढी हो । तर यीमध्ये अधिकांश कामदारहरूले आफूले काम गर्ने राज्यमा मतदान गर्न पाउँदैनन्, किनकि मतदान स्थायी ठेगानासँग जोडिएको हुन्छ र धेरैजसो आप्रवासीहरू आफ्नो पुर्ख्यौली गाउँमै दर्ता भएका हुन्छन् । फलस्वरूप, कामदारहरू मतदान गर्न घर फर्किनुपर्छ, जुन खर्चिलो र असुविधाजनक दुवै हुन्छ । यसले गर्दा उनीहरूको क्षेत्रमा मतदाताको उपस्थिति न्यून हुने गर्दछ । भारतीय लोकतान्त्रिक संस्थाहरूको एउटा ठुलो सीमा नै आप्रवासी कामदारहरूको यो अनौपचारिक मताधिकार वञ्चितीकरण हो, जो प्राय: भारतको उत्तरका गरिब राज्यहरूबाट दक्षिणका बढी गतिशील राज्यहरूमा जान्छन् ।

चाखलाग्दो कुरा के छ भने, डोमकल निर्वाचन क्षेत्रका एक उम्मेदवार, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) वा सीपीआईएमका मुस्तफिजुर 'राणा' रहमानले आप्रवासी कामदारको मुद्दालाई सिधै सम्बोधन गरे । एक युवा र गतिशील राजनीतिज्ञ, राणाले आफ्नो क्षेत्रमा मात्र प्रचार गरेनन्, बरु आप्रवासी कामदारहरूलाई मतदान गर्न प्रोत्साहित गर्न भारतको दक्षिणतर्फको यात्रा पनि गरे । कामदारहरू राणालाई भोट दिन डोमकल फर्किए र राज्यबाहिर कामदार भएका चार सय परिवार चुनावअघि सीपीआईएममा प्रवेश गरे । राणाको विजयले पश्चिम बङ्गालमा वामपन्थीहरूको खडेरी अन्त्यको सङ्केत गर्दछ, जुन ३४ वर्षको सत्तापछि सन् २०११ मा वाम मोर्चा सरकारको पराजयसँगै सुरु भएको थियो । उनको विजय भारतका आप्रवासी कामदारको विजय हो, जसको चर्चा जेन-जीको तुलनामा धेरै कम भए तापनि यो सायद विचार गर्नुपर्ने धेरै महत्त्वपूर्ण पक्ष हो ।

**विजय प्रसाद :**

विजय प्रसाद एक भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी ग्लोबट्रटर (Globetrotter) मा लेखन फेलो तथा प्रमुख संवाददाता हुन् । उनी लेफ्टवर्ड बुक्स (भिातध्यचम द्ययपक) का सम्पादक तथा ट्राइकोन्टिनेन्टल: सामाजिक अनुसन्धान संस्थान ( TricontinentalM Institute for Social Research) का निर्देशक पनि हुन् । उनले 'द डार्कर नेसन्स र द पुअरर नेसन्स' सहित २० भन्दा बढी पुस्तक लेखेका छन् । उनका पछिल्ला कृतिहरूमा 'अन क्युवा: ७० वर्षको क्रान्ति' र सङ्घर्षमाथि चिन्तन (नोम चोम्स्कीसँग संयुक्त रूपमा), स्ट्रगल मेक्स अस ह्युमन: समाजवादका आन्दोलनहरूबाट सिकाइ तथा (फेरि नोम चोम्स्कीसँगै) द विथड्रअल: इराक, लिबिया, अफगानिस्तान र अमेरिकी शक्तिको नाजुकता समावेश छन् । चेल्वा र प्रसादको संयुक्त पुस्तक हाउ द इन्टरनेशनल मोनेटरी फन्ड इज सफोकेटिङ अफ्रिका यसै वर्ष इन्कानी बुक्स (Inkani Books) बाट प्रकाशन हुने छ ।)



दक्षिण कोरियाको सुवोनमा सम्पन्न एएफसी महिला च्याम्पियनस् लिग फुटबल प्रतियोगिताको फाइनल खेलमा जापानको टोक्यो भर्दी बेलेजा क्यलबलाई पराजित गरेपछि खुसी मनाउँदै प्रजातान्त्रिक जनगणतन्त्र (उत्तर) कोरियाको नाइगोह्याङ महिला फुटबल क्लबका खेलाडीहरू मे २३, २०२६ को दिन । फुटबल खेलमा प्रजग कोरियाका खेलाडीहरू अब्बल सावित हुँदै आएका छन् । *तस्बिर : जुङ योन जे /एएफपी*

# गहिरो समुद्रमा भेटियो दुर्लभ नीलो अक्टोपस

पेरिस, ११ जेठ (एएफपी) । ग्यालापागोस टापु नजिक गहिरो समुद्रमा वैज्ञानिकहरूले दुर्लभ नीलो रङको नयाँ अक्टोपस प्रजाति फेला पारेका छन् । समुद्री सतहबाट करिब एक हजार ८०० मिटर तल भेटिएको यो सानो समुद्री जीवले अनुसन्धानकर्ताहरूलाई केवल आफ्नो असामान्य रङका कारण मात्र नभई, शरीरको बनावट, बासस्थान र व्यवहारका सम्भावित विशेषताका कारण पनि आश्चर्यचकित बनाएको छ ।

समुद्रको गहिराइमा वैज्ञानिकहरूद्वारा नियन्त्रित पनडुब्बीमार्फत गरिएको अवलोकनका क्रममा यो अक्टोपस पहिलोपटक देखिएको थियो । समुद्रजत्तिकै नीलो देखिने र आकारमा गल्फ बलभन्दा पनि ठूलो नभएको यो जीव देख्नेबित्तिकै एक वैज्ञानिकले उत्साहपूर्वक 'ऊ सानो छ ! यो नीलो छ !' भन्दै प्रतिक्रिया दिएको भिडियोमा रेकर्ड भएको थियो ।

चार्ल्स डार्विन फाउन्डेसनको टोलीले पत्ता लगाएको यस नयाँ प्रजातिबारेको अनुसन्धान सोमबार सार्वजनिक गरिएको हो । अक्टोपससम्बन्धी विज्ञ जेनेट भ्वाइटका अनुसार पहिलो दृश्य हेर्नेबित्तिकै उहाँलाई यो अत्यन्तै विशेष जीव भएको अनुभूति भएको थियो । अनौठो प्रजातिको पहिचान गर्न आग्रह गरिएपछि उहाँले यसको अध्ययन सुरु गर्नुभएको थियो ।

सुरुमा शिकागोस्थित फिल्ड म्युजियम अफ नेचुरल हिस्ट्रीका क्युरेटरहरूले उक्त जीवको तस्बिर र विवरणको अध्ययन गरेका थिए । त्यसपछि संरक्षित नमुना हुलाकमार्फत उहाँसम्म पुगेको थियो । नमुना प्राप्त गरेपछि उहाँ चकित हुनुभएको थियो । उहाँका अनुसार त्यो जीव निकै आकर्षक र असाधारण देखिन्थ्यो ।

यो प्रजातिप्रति उहाँको रुचि तत्काल बढ्नुको एउटा कारण यसको सबैभन्दा नजिकको ज्ञात प्रजाति उरुग्वेको तटमा, दक्षिण अमेरिकाको अर्कै समुद्री क्षेत्रमा बसोबास गर्ने तथ्य पनि थियो । यसले वैज्ञानिकहरूलाई यसको उत्पत्ति, विकास र वितरणबारे थप प्रश्न उठाउन प्रेरित गरेको छ ।

सामान्यतया नयाँ अक्टोपस प्रजातिको वैज्ञानिक विवरण तयार गर्न यसको शरीरको नमुना काटेर मुख, चुच्चो, दाँत तथा अन्य आन्तरिक संरचनाको परीक्षण गरिन्छ । तर यसपटक अनुसन्धानकर्ताहरूसँग एउटा मात्र नमुना भएकाले त्यसलाई काटेर जोखिम मोल्न उनीहरू इच्छुक थिएनन् ।

त्यसको विकल्पस्वरूप फिल्ड म्युजियमको टोलीले आधुनिक प्रविधिको सहारा लिएको थियो । सीटी स्क्यान प्रयोग गरी हजारौँ एक्स-रे तस्बिरहरू तयार गरियो र ती सबैलाई संयोजन गरेर अक्टोपसको विस्तृत त्रिआयामिक (३डी) मोडेल बनाइयो । यस प्रक्रियाले बाह्य संरचना बिगार्नुपर्ने आवश्यकताबिना नै यसको भित्री बनावट अध्ययन गर्न सम्भव बनायो ।

फिल्ड म्युजियमको एक्स-रे प्रयोगशालाकी प्रमुख स्टेफनी स्मिथले कुनै पनि व्यक्तिले पहिले कहिल्यै नदेखेको जीवको भित्री संरचना अवलोकन गर्दै दिन बिताउनु विशेष अनुभव हुने बताउनुभएको थियो ।

वैज्ञानिकहरूले यस नयाँ प्रजातिलाई माइक्रोएलडोन ग्यालापाजेन्सिस नाम दिएका छन् । यो प्रजाति आफ्नो नीलो रङका कारण विशेष रूपमा चिनिएको छ, किनभने प्रकृतिमा यस्तो रङ अपेक्षाकृत दुर्लभ मानिन्छ ।

अनुसन्धानअनुसार यो अक्टोपस सम्भवतः मेगालेडोनिडे परिवारसँग सम्बन्धित देखिन्छ । यस परिवारका सदस्यहरू प्रायः आकारमा धेरै ठूला हुन्छन् र अन्टार्कटिका आसपासको दक्षिणी महासागरमा पाइन्छन् । तर नयाँ प्रजाति भने सानो आकारको छ र फरक वातावरणमा भेटिएको छ ।

भ्वाइटका अनुसार यसको शरीरमा देखिने जिद्दी साना हात, प्रत्येक हातमा रहेको केवल एक पङ्क्तिको चुस्ने संरचना र पछाडिको सतहमा रहेको चिल्लो छालाले यसलाई धेरैजसो परिचित अक्टोपसहरूबाट अलग बनाउँछ । छोटा हात र एकल चुस्ने पङ्क्ति भएका अन्य प्रजातिसँग तुलना गर्दा पनि यसको रङ र छालाको बनावटले यसलाई विशिष्ट बनाएको उहाँले बताउनुभयो ।

रङको बनावट पनि रोचक देखिएको छ । यसको माथिल्लो भाग हल्का नीलो देखिन्छ भने तल्लो भाग निकै गाढा बैजनी रङको रहेको अनुसन्धानकर्ताहरूले बताएका छन् । वैज्ञानिकहरूको अनुमानमा यो रङ संयोजनले जीवलाई गहिरो समुद्रमा सुरक्षा प्रदान गर्न मद्दत गर्छ ।

भ्वाइटका अनुसार यदि अक्टोपसले प्रकाश उत्सर्जन गर्ने कुनै शिकार समात्यो भने त्यसबाट निस्कने उज्यालोले ठूला शिकारीलाई आकर्षित गर्न सक्छ । यस्तो अवस्थामा अक्टोपसले आफ्नो गाढा रङयुक्त भाग प्रयोग गरेर शिकारमाथि छोप्ने सम्भावना हुन्छ, जसले आफैँलाई शत्रुबाट जोगाउन सहयोग पुऱ्याउँछ ।

वैज्ञानिकहरूले अझै पर्याप्त अध्ययन हुन नसकेका समुद्री क्षेत्रहरूमा गहिरो समुद्रका नयाँ अक्टोपस प्रजाति भेटिनु पूर्ण रूपमा असामान्य नभएको बताएका छन् । पृथ्वीको विशाल समुद्री भूभागको ठूलो हिस्सा अझै विस्तृत रूपमा अन्वेषण हुन बाँकी रहेको उनीहरूको भनाइ छ ।

यस सन्दर्भमा भ्वाइटले पृथ्वीको सम्पूर्ण स्थलीय भूभागलाई एकै ठाउँमा जोड्दा पनि प्रशान्त महासागर पूर्ण रूपमा नढाकिने उल्लेख गर्दै समुद्री गहिराइ कति विशाल र अझै अनपेक्षित रहस्यले भरिएको छ भन्ने कुरा औँल्याउनुभयो ।

उहाँले पछिल्लोपटक सन् २०२३ मा कोस्टारिकाको तटनजिक नयाँ अक्टोपस प्रजाति अवलोकन गरिएको जानकारी पनि दिनुभयो ।

हाल चर्चामा रहेको यो नीलो अक्टोपस भने पहिलोपटक सन् २०१५ मा डार्विन टापु नजिक देखिएको थियो । उक्त टापुको नाम ग्यालापागोस भ्रमणबाट विकासवादको सिद्धान्त निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अङ्ग्रेजी वैज्ञानिक चार्ल्स डार्विनको नाममा राखिएको हो ।

यस नयाँ प्रजातिसम्बन्धी विस्तृत अनुसन्धान प्रतिष्ठित वैज्ञानिक जर्नल जुटाक्सामा प्रकाशित गरिएको छ ।

# पाकिस्तानमा बस-भ्यान ठोक्किँदा ११ जनाको मृत्यु, ७ घाइते

इस्लामाबाद, ११ जेठ (सिन्हवा) । पाकिस्तानको उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वामा सोमबार बिहान भएको भीषण सडक दुर्घटनामा कम्तीमा ११ जनाको ज्यान गएको छ भने ७ जना घाइते भएका छन् । दुर्घटना स्वात एक्सप्रेसवेको इस्माइला इन्टरचेन्ज क्षेत्रमा भएको हो ।

उद्धार अधिकारी र मोटरवे प्रहरीका अनुसार रावलपिन्डीबाट दिरतर्फ जाँदै गरेको यात्रुवाहक भ्यानले सडक किनारमा रोकिएको यात्रुवाहक बसलाई पछाडिबाट ठक्कर दिएको थियो । ठक्कर अत्यन्त शक्तिशाली भएकाले भ्यानको अगाडिको भाग पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो ।

प्रहरीले दिएको प्रारम्भिक जानकारीअनुसार दुर्घटना बिहान सबेरै भएको थियो । बस कराँचीबाट बुनरतर्फ यात्रु बोकेर गइरहेको थियो । केही प्राविधिक वा विश्रामसम्बन्धी कारणले बस सडक किनारमा रोकिएको अनुमान गरिएको छ । त्यसै क्रममा पछाडिबाट आएको भ्यानले बसलाई ठोक्काएको हो ।

दुर्घटनापछि घटनास्थलमा ठूलो अफरातफरी मच्चिएको थियो । स्थानीय बासिन्दा, उद्धार टोली र मोटरवे प्रहरीले तत्काल उद्धार कार्य सुरु गरेका थिए । केही यात्रुहरू भ्यानभित्र च्यापिएको अवस्थामा भेटिएका थिए, जसलाई काटेर बाहिर निकालिएको उद्धारकर्मीहरूले बताएका छन् ।

दुर्घटनामा घटनास्थलमै धेरै यात्रुको मृत्यु भएको थियो भने केहीले अस्पताल पुऱ्याएपछि ज्यान गुमाएका थिए । घाइते सात जनालाई नजिकैको अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ । केहीको अवस्था गम्भीर रहेको बताइएको छ । अधिकारीहरूले मृतकहरूको पहिचान प्रक्रिया जारी रहेको बताएका छन् । शवहरूलाई पोस्टमार्टम तथा अन्य कानुनी प्रक्रिया पूरा गर्न अस्पतालमा राखिएको छ ।

प्रहरीको प्रारम्भिक अनुसन्धानले दुर्घटनाको मुख्य कारण भ्यान चालकको लापरवाही हुन सक्ने सङ्केत गरेको छ । तीव्र गति, निद्रा लाग्नु वा ध्यान विचलित हुनुजस्ता कारणको अनुसन्धान भइरहेको छ । पाकिस्तानमा सडक दुर्घटनाहरू सामान्य समस्या बनेका छन् । खराब सडक अवस्था, ट्राफिक नियमको कमजोर कार्यान्वयन, चालकको थकान तथा तीव्र गति दुर्घटनाका प्रमुख कारण मानिन्छन् ।

स्थानीय प्रशासनले घटनाप्रति दुःख व्यक्त गर्दै घाइतेहरूको उपचारमा कुनै कमी हुन नदिने जनाएको छ । साथै दुर्घटनाको विस्तृत अनुसन्धान सुरु गरिएको छ । यस दुर्घटनाले फेरि एकपटक पाकिस्तानमा सडक सुरक्षाको अवस्था र सार्वजनिक यातायात व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ ।

## विश्व सङ्क्षेप

# मध्यपूर्व तनाव कम हुने अपेक्षाले तेल बजारमा ठूलो गिरावट

न्युयोर्क, ११ जेठ (एपी) । अमेरिका र इरानबिच शान्ति वार्ता अघि बढ्ने सम्भावनाको समाचारपछि अन्तर्राष्ट्रिय तेल बजारमा सोमबार नयाँ कारोबार सुरु हुँदा कच्चा तेलको मूल्य करिब ५ प्रतिशतले घटेको छ । मध्यपूर्व क्षेत्रमा तनाव कम हुने र आपूर्ति अवरोध घट्ने अपेक्षाले लगानीकर्ताहरूमा बिक्री दबाब बढेपछि बजारमा तुरुन्तै गिरावट देखिएको हो ।

जुलाई महिनामा आपूर्ति हुने पश्चिम टेक्सास मध्यवर्ती कच्चा तेल एक समय प्रतिब्यारेल ५.३५ अमेरिकी डलरले घटेर ९१.२५ अमेरिकी डलरमा पुगेको थियो, जुन करिब ५.५३ प्रतिशतको गिरावट हो । त्यस्तै ब्रेन्ट कच्चा तेल पनि ५.५७ अमेरिकी डलरले घटेर ९७.९७ अमेरिकी डलर प्रतिब्यारेलमा झरेको थियो, जुन करिब ५.३८ प्रतिशतको गिरावट हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार इरानसँगको शान्ति सम्झौता धेरै हदसम्म टुङ्गिएको तर अन्तिम सहमतिका लागि अमेरिका, इरान तथा मध्यपूर्वका अन्य देशहरूबिच अझै छलफल बाँकी रहेको बताए । प्रस्तावित योजनाअनुसार ६० दिनको युद्धविराम विस्तार, हर्मुज जलडमरू पुनः खोल्ने, इरानलाई पुनः तेल बिक्री गर्न दिने र इरानको आणविक कार्यक्रमबारे वार्ता गर्ने विषय समावेश छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानले हर्मुज जलडमरूमध्य पुनः खोल्ने कदम अघि बढाएमा अमेरिका आणविक कार्यक्रमसम्बन्धी गम्भीर वार्तामा प्रवेश गर्न तयार रहेको बताएका छन् ।

यसैबिच इरानको इस्लामिक क्रान्तिकारी गार्डले पछिल्लो २४ घण्टामा ३३ वटा जहाज हर्मुज जलडमरू पार गरेको जानकारी दिएको छ, जसले उक्त मार्ग आंशिक रूपमा सञ्चालनमा रहेको सङ्केत गर्दछ । ऊर्जा विश्लेषकहरूका अनुसार युद्धअघि जस्तो आपूर्ति चाँडै सामान्य अवस्थामा फर्कन कठिन छ, किनभने उत्पादन संरचनामा क्षति, केही क्षेत्रमा उत्पादन अवरोध र ढुवानी समस्याहरू अझै पूर्ण रूपमा समाधान भएका छैनन् । विश्लेषकहरूले तेल बजारमा आपूर्ति-माग असन्तुलन कायम रहने र मूल्य दीर्घ समयसम्म उच्च रहन सक्ने तथा पूर्ण रूपमा घट्ने अवस्था सन् २०२७ तिर मात्र सम्भव हुने बताएका छन् ।

# अमेरिका-इरान वार्ता अन्तिम चरणमा, सहमतिको प्रतीक्षा

तेहरान, ११ जेठ (सिन्हवा) । अमेरिकी राष्ट्रपति कार्यालयले इरानसँग भइरहेको सम्भावित सम्झौताबारे अन्तिम निर्णय आउन अझै केही दिन लाग्न सक्ने जनाएको छ । आइतबार सार्वजनिक एक अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको रिपोर्टअनुसार, उक्त सम्झौताले इरानको नेतृत्व तहबाट औपचारिक स्वीकृति प्राप्त गर्न केही समय लिन सक्ने बताइएको हो ।

रिपोर्टमा उद्धृत एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार दुवै पक्षबिच सकारात्मक प्रगति भइरहेको छ र केही दिनभित्र सम्झौता सम्पन्न हुन सक्ने अपेक्षा गरिएको छ । यद्यपि, सम्झौता अझै अन्तिम चरणमा रहेकाले सबै प्रक्रिया पूरा भएपछि मात्र औपचारिक घोषणा गरिने जनाइएको छ ।

यस सम्भावित सम्झौताले क्षेत्रीय शान्ति तथा आणविक कार्यक्रमसम्बन्धी चासोलाई सम्बोधन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यद्यपि, यस विषयमा विस्तृत सहमति सार्वजनिक भइसकेको छैन ।

साथै, अमेरिकाले इरानका बन्दरगाहहरूमाथि लागू गरेको नाकाबन्दी सम्झौता औपचारिक रूपमा स्वीकृत, प्रमाणित र हस्ताक्षर नभएसम्म यथावत् रहने जानकारी पनि दिइएको छ ।

# बङ्गलादेशमा ट्रक दुर्घटना १५ जनाको मृत्यु

ढाका, ११ जेठ (एपी) । मध्य बङ्गलादेशमा प्रमुख राजमार्गमा सोमबार बिहान भएको भीषण ट्रक दुर्घटनामा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने अन्य १० जना घाइते भएका छन् । फलामको रड र अतिरिक्त यात्रु बोकेको उक्त ट्रक अनियन्त्रित भई पल्टिँदा ठूलो मानवीय क्षति भएको प्रहरीले जनाएको छ ।

दुर्घटना राजधानी ढाकाबाट करिब ८३ किलोमिटर उत्तर-पश्चिममा पर्ने टाङ्गेल जिल्लाको सोराटोल क्षेत्रमा बिहान करिब ५ बजे भएको हो । स्थानीय प्रहरी प्रमुख फुआद हुसेनका अनुसार चालकले नियन्त्रण गुमाएपछि ट्रक सडकमा पल्टिएको थियो ।

उहाँका अनुसार ट्रकले हिचहाइक (यात्राका लागि लिफ्ट लिएका) यात्रुहरू बोकेको थियो र ढाकाबाट उत्तरी क्षेत्रतर्फ जाँदै थियो । दुर्घटनापछि घटनास्थलमै धेरै यात्रुको मृत्यु भएको पुष्टि गरिएको छ ।

घटना इस्लामिक पर्व ईद अल-अधा अघि यात्रुहरूको चहलपहल बढिरहेका बेला भएको हो । आगामी बिहीबार मनाइने उक्त पर्वका लागि धेरै मानिसहरू आफ्नो परिवारसँग भेट्न देशभर यात्रा गरिरहेका छन् ।

प्रहरीका अनुसार दुर्घटनामा परेकामध्ये अधिकांश दैनिक ज्यालादारीमा काम गर्ने मजदुर रहेका थिए । उनीहरू चाडपर्वका लागि आफ्ना परिवारसँग पुनः भेट गर्न यात्रा गरिरहेका थिए ।

प्रत्यक्षदर्शीहरूले स्थानीय टेलिभिजन च्यानलहरूलाई बताएअनुसार ठूलो आवाज सुनेपछि उनीहरू घटनास्थलमा पुगेका थिए । त्यसपछि फसेका यात्रुहरूलाई उद्धार गर्ने प्रयास गरिएको थियो ।

बङ्गलादेशमा यस्ता सडक दुर्घटना बारम्बार हुने गरेका छन् । सत्र करोडभन्दा बढी जनसङ्ख्या भएको यस देशमा ट्राफिक नियमको कमजोर पालना, खराब सडक अवस्था र लापरवाह ड्राइभिङका कारण प्रत्येक वर्ष हजारौँ मानिसको ज्यान जाने गरेको अधिकारीहरूले जनाएका छन् ।

# हार्दिक समवेदना



जन्म
२००६/०१/२०

स्वर्गारोहण
२०८३/०२/०९

गुज्यश्वरीमाया खाईजु

हाम्रा आत्मीय मित्र जितेन्द्र खाइजुकी ममतामयी माता **गुज्यश्वरीमाया खाइजु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## साथीहरू

विश्वराम माक
केशव फैजु
रविकृष्ण श्रेष्ठ
राजेन्द्र त्वानाबासु
प्रवास धौबन्जार
केदार सुवाल
आसराम सिन्ताकल
रामगोपाल लाखे
महादेव ताम्राकार
कृष्णप्रसाद माक
गणेशकुमार मचामसी

लक्ष्मीहरि ताम्राकार
विकास दुवाल
मञ्जय जोन्छैं
चिनियालाल माक
रमेश चिकंबन्जार
नरेश बासुकला
अर्जुन चिकंबन्जार
सुरेन्द्र माक
महेन्द्र अवाल
नरेश कायष्ठ
मधुराज सैंजु

नारायणकृष्ण माक
मनोज माक
सानुलाल त्वानाबासु
गोपालकृष्ण ताम्राकार
कुमार कोजु
रमेश कवां
भिमकृष्ण ताम्राकार
चन्द्रगोपाल माक
कृष्णप्रसाद तुल्सीबाख्यो
सत्यराम त्वानाबासु
इन्द्रभक्त नला

## हार्दिक समवेदना



यस खल:का सदस्य तथा पूर्वसल्लाहकार जितेन्द्र खाइजुकी पूजनीय आमा तथा सदस्यहरू राधेश्याम खाइजु र रुकेश खाइजुकी हजुरआमा, सदस्य सिम्ब्रिक खाइजुकी जिजु हजुरआमा **गुज्यश्वरीमाया खाइजु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जन्म**: २००६/०१/२०
**निधन**: २०८३/०२/०९

**श्री एकान्त कुमारी सांस्कृतिक खल: परिवार**
टिबुक्छेँ, चासुखेल–५, भक्तपुर


# फुटसल प्रतियोगिताको सातौँ दिन आज पनि तीन वटा खेल हुने

भक्तपुर, ११ जेठ । भक्तपुर युवा टीम गोल्मढीको आयोजनामा जेठ ६ गतेदेखि १६ गतेसम्म सञ्चालन भइरहेको भक्तपुर नगरपालिका अन्तर वडा फुटसल प्रतियोगिताको सातौं दिन जेठ १२ गते पनि तीन वटा खेल हुने भएको छ ।

सातौं दिनको म्याच नं. १८ देखि २० सम्मका खेलहरू हुनेछन् । पहिलो खेल भक्तपुर वडा नं. ७ सँग वडा नं. ९ खेल्दै छ भने दोस्रो खेल वडा नं. ८ र ६ बिच हुँदै छ । त्यस्तै सातौं दिनको अन्तिम खेल ५ नं. वडा र १० नं. वडाको बिचमा हुने आयोजक टीमका सदस्य एवम् प्रतियोगिताका संयोजक केशव कवांले बताउनुभयो ।



भनपा अन्तरवडा फुटसल प्रतियोगिताको छैटौं दिन सोमबार पहिलो खेलअन्तर्गत भनपा वडा नं. ५ को टीम र भनपा वडा नं. ६ बिच भएको खेल

प्रतियोगिताको फाइनल तथा समापन समारोह जेठ १६ गते शनिबार बेलुका ६ बजेबाट हुने जानकारी दिँदै उहाँले प्रथम हुने टीमलाई नगद रु.२५ हजार ट्रफीसँगै प्रमाणपत्र प्रदान गर्ने बताउनुभयो । दोस्रो हुने टीमले नगद रु.१२ हजार पाँच सय ट्रफी र प्रमाणपत्र, प्रतियोगिताका उत्कृष्ट गोलकिपर र उत्कृष्ट खेलाडीले ट्रफीसँग नगद दुई हजार पाँच सय रूपैयाँ प्राप्त गर्ने जानकारी दिनुभयो ।

प्रतियोगिता भक्तपुर नगरपालिकाभित्रका प्रत्येक वडाबाट एकएक वटा टीमको सहभागितामा लिग कम नक आउटको आधारमा भइरहेको छ ।


## हार्दिक समवेदना



जन्म
१९९२/०२/०१

स्वर्गारोहण
२०८३/०२/०१

यस १० वडा प्रगतिशील युवा समूहका आत्मीय मित्र न्हुछेकाजी कोजु तथा आसकाजी कोजुकी ममतामयी माता **मैयाँ कोजु**को दु:खद निधन भएको आज **१२ औं** दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**१० वडा प्रगतिशील युवा समूहका साथीहरू**

| | | |
|---|---|---|
| राजन कोजु | सुन्दर प्र. कोजु | राजेश कोजु |
| विक्रम कोजु | उत्तम बाटी | राकेश कोजु |
| बिकुनारायण सुवाल | रामकृष्ण सुवाल | अमन बाटी |
| | आशराम कोजु | |



## हार्दिक समवेदना



जन्म
२०००/०७/१३

स्वर्गारोहण
२०८३/०२/०७

यस सर्कलका पूर्वकार्य समितिका सचिव राजेन्द्र सुवाल तथा सर्कलका शुभचिन्तक राजेश सुवालकी ममतामयी माता **राजमाया सुवाल**को दु:खद निधन भएकोले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर योङ सर्कल परिवार**
भनपा-२


# कृषि विश्वविद्यालयमा नयाँ पदाधिकारी

चितवन, ११ जेठ । कृषि तथा वन विज्ञान विश्वविद्यालयको रजिस्टारमा प्रा.डा. सुविरसिंह नियुक्त हुनुभएको छ । उपकुलपति प्रा.डा. होमबहादुर बस्नेतको सिफारिसमा प्रधानमन्त्री एवं कुलपति बालेन्द्र साहले रिक्त रहेको रजिस्टार पदमा नियुक्त गर्नुभएको हो ।

यसअघि प्रधानमन्त्री साहले बस्नेतलाई अर्को व्यवस्था नभएसम्मका लागि उपकुलपतिमा नियुक्त गर्नुभएको थियो । उपकुलपति बस्नेतले तीन सङ्कायका डिन र निर्देशकसमेत नियुक्त गर्नुभएको छ ।

उहाँले कृषि सङ्कायको डिनमा प्रा.डा. सुन्दर तिवारी, पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान सङ्काय डिनमा डा. शङ्करराज बर्सिला नियुक्त गर्नुभएको छ ।

वन विज्ञान सङ्कायको डिनमा डा. गान्धिव काफ्ले, अनुसन्धान तथा प्रसार निर्देशनालयको निमित्त निर्देशकमा डा. उज्ज्वल तिवारी, जैविक प्रविधि केन्द्रको निर्देशकमा डा. हिमाल लुइँटेल र पाठ्यक्रम विकास केन्द्रको निर्देशकमा डा. अनिलकुमार तिवारी नियुक्त हुनुभएको छ ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### साकोस व्यवस्थापन तालिम

**तालिम मिति**
२०८३ जेठ १५ र १६ गते
दिनको १० बजेदेखि ४ बजेसम्म
दर्ता शुल्क : रू. ४००।-

स्थान : सिद्धि गणेश तालिम हल, खँचा
अन्तिम दर्ता मिति : २०८३ जेठ १३ गते

(नोट: संस्थाको निर्वाचन निर्देशिका-२०७५ को नियम ३.३ अनुसार निर्वाचनमा सञ्चालक/लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवारी दिने योग्यताका रूपमा यस तालिमलाई मान्यता दिइनेछ ।)

### स्वास्थ्य शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **नि:शुल्क हाडजोर्नी तथा नशारोगसम्बन्धी स्वास्थ्य शिविर र डेङ्गु रोगसम्बन्धी सचेतनामूलक कार्यक्रम**मा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**कार्यक्रम मिति**
२०८३ जेठ २२ गते, शुक्रबार
बिहान ७:०० बजेदेखि

**स्थान** : यातु गणेश मन्दिर परिसर, कमलविनायक

**यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमिति**

### मोटरसाइकल मर्मत तालिम

**तालिम मिति**
२०८३ जेठ १७ देखि ३१ गतेसम्म
साँझ ५ बजेदेखि ७ बजेसम्म
दर्ता शुल्क : रू. १०००।-

**तालिम हुने स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

**सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु**

(नोट: तालिममा बढीमा २० जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।)

### गतिविधि





हालको वित्तीय बजारमा सहकारीको अवस्थाबारे र सम्पत्ति शुद्धीकरणसम्बन्धी ऋणी र सदस्यहरूलाई जानकारी एवं छलफल कार्यक्रममा बोल्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र कार्यक्रममा सहभागी ऋणी तथा सदस्यहरू । (जेठ १०)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE



## हार्दिक समवेदना



जन्म
२००६/०१/२०

स्वर्गारोहण
२०८३/०२/०९

यस समूहका सदस्य जितेन्द्र खाइजुकी ममतामयी माता **गुज्यश्वरीमाया खाइजु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**११ ग्रुप समूहका साथीहरू**

| | | |
|---|---|---|
| विश्वराम माक | रामसुन्दर माक | हरिकृष्ण सिन्ताकल |
| कृष्णमोहन सिजख्व | राजाराम माक | विष्णुप्रसाद लाखे |
| सीताराम माक | गोविन्द राजचल | राजन माक |
| | आसराम सिन्ताकल | |

**११ ग्रुप टिबुक्छेँ,**
चासुखेल-५, भक्तपुर



## हित बचत तथा ऋण सहकारी संस्था लि.

जगाती-७, भक्तपुर

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०२/१२ गते**

यस संस्थाको लागि देहायबमोजिमका कर्मचारी आवश्यक भएको हुँदा इच्छुक दक्ष तथा अनुभवी योग्य उम्मेदवारहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो बायोडाटासहित हस्तलिखित निवेदनमा दर्खास्तको लागि आह्वान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक सङ्ख्या | शैक्षिक योग्यता | वान्छनीय योग्यता | अनुभव | आवेदन शुल्क |
|---|---|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | २ | SLC वा SEE उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएको | अनुभवीलाई विशेष ग्राह्यता । | १००।- |
| २. | कार्यालय सहायक | १ | वाणिज्य वा अर्थशास्त्रमा +2 उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएको | प्रशासनसम्बन्धी ज्ञान भएको साथै अनुभवीलाई विशेष ग्राह्यता । | २००।- |

**नोट**: चालक अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता ।
**छनोट प्रक्रिया** : अन्तर्वार्ता
**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात** :
हस्तलिखित निवेदन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान, पासपोर्ट साइजको फोटो एक थान, शैक्षिक तथा कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नम्बर/ मिति** : ०१-६६१९१५८, अन्तिम मितिको भोलिपल्ट


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा